जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक २, २०७९ साल वैशाख २३ गते शुक्रबार, नेपाल संवत् ११४२ (May 6, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

बैंक खातामार्फत खर्च गर्न निर्देशन

काठमाडौं । निर्वाचन आचारसंहिता २०५८ ले उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक खातामार्फत गर्ने व्यवस्था रहे पनि सो अनुसार नगरिएको भन्दै निर्वाचन आयोगले आचारसंहिता तथा ऐनको व्यवस्थाअनुसार गर्न/गराउन निर्देशन दिएको छ।

आयोगका प्रवक्ता तथा सहसचिव शालिग्राम शर्मा पौडेलले मंगलबार विज्ञप्ति जारी गर्दै उक्त निर्देशन दिएका हुन्।

'उल्लिखित व्यवस्था विपरीत हुनेगरी कतिपय स्थानमा कार्य भइरहेको भन्ने **बाँकी ८ पेजमा**

प्रेस स्वतन्त्रता हननको नालीबेली

काठमाडौं । वितेको वर्षमा प्रेस स्वतन्त्रता हननका ७५ वटा घटना भएका छन् । नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाइको तथ्यांकअनुसार यस वर्ष पत्रकारको पेशागत सुरक्षाको अभाव जनाउँदै तीन सयभन्दा बढी उजुरी परेका छन् । प्रेस स्वतन्त्रता हननका सबैभन्दा बढी घटना वाग्मती प्रदेशमा भएको जानकारी महासंघका अध्यक्ष विपुल पोखरेलले दिए । उनले बागमती प्रदेशमा प्रेस स्वतन्त्रता हननका ५४ वटा घटना भएको बताए । प्रदेश-१ र मधेस प्रदेशमा ६/६ वटा प्रेस स्वतन्त्रता हननका घटना भएका छन् । **बाँकी ८ पेजमा**

उधारोमा समृद्धि र विकास, नगदमा मत माग्दै उम्मेदवार

काठमाडौं । मुलुक यतिबेला निर्वाचनमय बनेको छ । निर्दिष्ट कार्यक्रमअनुसार विभिन्न पार्टीका र स्वतन्त्र उम्मेदवारले समेत आआफ्नो उम्मेदवारी दिएका छन् । नाम फिर्ता लिने समय सकिसकेको छ । उम्मेदवारहरू आफूलाई मत माग्दै मतदाताका घरदैलैमा पुगिरहेका छन् । जताततै पार्टीका निर्वाचन चिन्ह अंकित तथा पार्टीका झन्डा राखेका गाडीहरू गुडिरहेका छन् र प्रचारगीत ठूलठूलो स्वरमा बजाइरहेका छन् । वैशाख २७ गतेसम्म निर्वाचन आयोगले उम्मेदवारलाई चुनावी प्रचारप्रसार गर्न समय दिएको छ । २८ र २९ गते मौन अवधि र ३० गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदानको कार्यतालिका आयोगले सार्वजनिक गरिसकेको छ ।

हाल निर्वाचन आयोगले ठूला ब्याच लगाउन, पोस्टर टाँस्न, पर्चा बाँड्न, पार्टी झन्डा र चिन्ह अंकित टिसर्ट र टोपी लगाउन समेत निषेध गरेको छ । त्यसैले निर्वाचन प्रचारमा खासै तडकभडक देखिएको छैन । तैपनि निर्वाचन हो, प्रचारका विभिन्न शैली त दलहरूले अपनाइ हाल्छन् । भोजभतेरमा पनि आयोगले प्रतिबन्ध लगाएको छ । त्यसैले बैंकेटहरूमा कुनै जमघट छैन । यो स्थानीय निर्वाचन भएका कारण उम्मेदवारले आआफ्नो निर्वाचन क्षेत्रका प्रायः मतदातालाई चिनेका छन् । त्यसैले तिनलाई आफ्नो क्षेत्रमा मत माग्न त्यति गाह्रो छैन । कति नेताहरू त आआफ्नो निर्वाचन क्षेत्रका मतदाताको नामावलीबाट आफूलाई मत दिने र नदिने मतदाताका नाम केलाइरहेका छन् । आफ्नो पक्षका मतदाताको मत जसरी पनि खसाउने र अर्को पक्षमा मत खस्न अवरोध पुऱ्याउने उम्मेदवारहरूको उद्देश्य देखिन्छ । नारा जुलुस र भाषणमा विपक्षलाई गाली गर्ने प्रवृत्ति पनि घटेको देखिन्छ । दलहरूले सार्वजनिक गरेका घोषणापत्रमा आफ्नो पार्टी मात्र राम्रो भन्ने आशय झल्किनु स्वाभाविक नै हो । दलहरूले आफ्नो एजेन्डा छोडेर अरुलाई खसाल्ने प्रकृतिका घोषणापत्र सार्वजनिक गरेका छन् ।

हालका दिनमा सञ्चारको सबैभन्दा सजिलो र सुलभ माध्यम सामाजिक

सञ्जाल हो । धेरै विषय यसैबाट शेयर गरिन्छन् । अघिपछि जस्तै निर्वाचनको प्रचारका लागि सामाजिक सञ्जालको प्रयोग भइरहेको छ । यसलाई ध्यानमा राखेर नकारात्मक कुराको प्रचार नहोस् भन्ने अभिप्रायले निर्वाचन आयोगले सामाजिक सञ्जालमा मिथ्या सूचना प्रकाशन गरे कारबाही गर्ने भनेको छ । यसलाई सकारात्मक रुपमा लिनुपर्छ । सामाजिक सञ्जालको दुरुपयोगले स्थितिलाई जटिल नबनाउला भन्न सकिन्न ।

स्थानीय तह निर्वाचनका लागि सबै प्रमुख दलहरूले घोषणापत्र सार्वजनिक गरिसकेका छन् । संविधानले दिएको अधिकारअनुसार स्थानीय तहबाट प्रदान गरिनुपर्ने आधारभूत शिक्षा, स्वास्थ्य सेवा, खानेपानी विकास एवं निर्माणका विषयलाई सबै राजनीतिक दलले आफ्नो चुनावी एजेन्डा बनाएका छन् । हरेक राजनीतिक दल आआफ्नो घोषणापत्रमा ठूला सपना देखाएर मतदाता आकर्षित गर्न खोज्दैछन् । घोषणापत्र स्थानीय तहको जनसंख्या, आवश्यकता र उपलब्ध स्रोतका आधारमा तयार गरिनुपर्ने हो । स्थानीय तहको चुनाव लक्ष्यित दलका घोषणापत्र हावादारी त छन् नै मतदाता फकाउने होडमा पूरा हुनै नसक्ने योजना तथा कार्यक्रम घोषणा गर्ने प्रवृत्ति दलहरूले यसपाली पनि दोहोऱ्याएका छन् । स्थानीय सरकार कुशल नेतृत्व निर्माण र सुशासनको आरम्भ विन्दु हो । सात सय ५३ स्थानीय तहका जनप्रतिनिधिको पदावधि २०७९ जेठ ५ मा समाप्त हुँदैछ । संघीय संरचनाअनुसार स्थानीय सरकारको पहिलो कार्यकाल सकिएर दोस्रो कार्यकालका लागि चुनाव हुँदै गर्दा आम नागरिकमा आगामी पाँच वर्षका लागि कस्ता प्रतिनिधिलाई मत दिएर निर्वाचित गराउने भन्ने बहसले पनि आकार लिइरहेको छ ।

आगामी ३० वैशाखमा महानगर तथा नगरपालिकामा २९३ मेयर, उपमेयर, गाउँपालिकामा ४६० अध्यक्ष, उपाध्यक्ष, ६ हजार ७४३ वडाध्यक्ष र २६ हजार ९७२ वडा सदस्य गरी कुल ३५ हजार २२१ जनप्रतिनिधि चयनका लागि निर्वाचन हुँदैछ । अब निर्वाचित हुने जनप्रतिनिधिले पूर्ववर्ती जनप्रतिनिधिका कमी कमजोरीको सुधार, प्रभावकारी भावी कार्ययोजना र सर्वसुलभ सेवामार्फत आम जनतालाई सन्तुष्ट बनाउनुपर्ने अहं दायित्व छ । संघीय संरचना प्रतिफलमुखी नभई झन्झटिलो भयो भन्ने आम जनगुनासो सहितका असन्तुष्टिलाई सम्बोधन गर्न निर्वाचनमार्फत असल र सक्षम जनप्रतिनिधि चुन्ने दायित्व मतदातामाझ आएको छ ।

संघीयताको मर्म र संविधानको व्यवस्थाले स्थानीय सरकारलाई नागरिकको सबभन्दा भरपर्दो, अनिवार्य, सेवा प्रदायकका रुपमा ग्रहण गरेको छ । स्थानीय सरकारको प्रभावकारितालाई विश्वभर नै महत्वका साथ हेरिन्छ । स्वाभाविक रुपमा स्थानीय सरकारलाई सफल र जनमुखी बनाउन निर्वाचित जनप्रतिनिधिको महत्वपूर्ण भूमिका हुन्छ । मतदानको अधिकारमार्फत कुशल र असल जनप्रतिनिधि चयन गरी आफ्नो घरदैलोको **बाँकी ८ पेजमा**

दल र राजनीतिज्ञहरूमाथि स्पष्टीकरण

काठमाडौं । निर्वाचन आयोगले राजनीतिक दल र सार्वजनिक पदमा बसेका राजनीतिज्ञहरूमाथि स्पष्टीकरण सोध्ने क्रम बढाएको छ । देशभर निर्वाचन प्रचारप्रसारका साथै मतदानको मिति नजिकिदै गर्दा आयोगले आचारसंहिता उल्लंघनका घटना तीव्र भएको आन्तरिक निष्कर्षका साथ स्पष्टीकरण सोधेको हो ।

आयोगले निर्वाचन केन्द्रीय प्रचारप्रसार समितिको नामबाट सामाजिक सञ्जालमा आचारसंहिता विपरीतका सामग्री प्रकाशित भएको भन्दै नेपाली कांग्रेसलाई स्पष्टीकरण सोधेको छ । कांग्रेसको स्थानीय तह निर्वाचन केन्द्रीय प्रचार प्रसार समितिको नामबाट 'ओलीजी गफ गर्छन्, हामी काम गर्छौं, रुख चिन्हमा मतदान गरौं' शीर्षकको पर्चा सामाजिक सञ्जालमा देखिन आएको भन्दै आयोगले कांग्रेससँग जवाफ माग गरेको हो । निर्वाचन आयोगले त्यो पर्चा **बाँकी ८ पेजमा**

काङ्ग्रेस सिध्याउँदै देउवा

पि के वली

काठमाडौं । नयाँ व्यक्तिलाई नेपाली कांग्रेसमा प्रवेश गराउँदा देउवाको अनुहार सम्झेपछि लथ्रक्कै हुन्छन् । यदाकदा अरुको रिसले, स्वार्थले कांग्रेसमा छिरेको भए पनि स्वतस्थूर्त रुपमा कांग्रेस बन्न मुस्किल छ । तर सबै कम्युनिस्ट पार्टी आँकडा जोड्ने हो भने हरेक दिन नेपाली जनता कम्युनिस्ट बन्ने दर काङ्ग्रेसभन्दा धेरै माथि हुन सक्छ । देउवाले पार्टी समालेदेखि नै काङ्ग्रेसको लोकप्रियता ओरालो लागिरहेको छ । हुन त देउवालाई काङ्ग्रेसभन्दा पनि शाही काङ्ग्रेस भन्ने गरेको सुन्न पाइन्छ । नेपाललाई कम्युनिस्टमय बनाउने नेपालका कम्युनिस्ट पार्टीको मात्र हैन संसारका कम्युनिस्टको मिसन हुन सक्छ । नेपालमा राजा भएसम्म कम्युनिस्टलाई सोचेजस्तो हुने पक्कै भएन । त्यसैले उनीहरूले पहिले राजासंस्था सिध्याउने खेल गरे । काङ्ग्रेसबिना त्यो सम्भव नहुने भएकाले गिरिजाप्रसादलाई बेबकुफ बनाउँदै त्यो मिसन पूरा गरे ।

आज बेविकिङ्गको जनमतसंग्रह गर्ने हो । राजसंस्थाको पक्षमा अत्यधिक मत आउन सक्छ तर त्यो सम्भव छैन । राजसंस्था पूर्णरुपले ढलेर टुलुटुलु हेरिरहेको छ । कम्युनिस्टको अबको मिसन नेपाली काङ्ग्रेस छ । नयाँ व्यक्ति काङ्ग्रेस बन्ने जनतामा खास उत्साह पनि छैन । अब भएका काङ्ग्रेसलाई पनि गठबन्धनको नाममा कब्जा गरेर साङ्लोमा बाँधिदै **बाँकी ८ पेजमा**

अमेरिकी र पश्चिमेली मुलुकको नेपालमा सक्रियता र चासो

काठमाडौं । पछिल्लो समय नेपालमा अमेरिका र पश्चिमी मुलुकहरूको चासोको केन्द्रित हुन थालेको छ । विशेषगरी अमेरिकासँग सामरिक र रणनीतिक हिसाबले नजिक रहेका युरोपेली मुलुकका उच्च अधिकारी नेपाल भ्रमणमा आउन थालेका छन् । उनीहरूले द्विपक्षीय भेटघाटको कामलाई निरन्तरता दिँदै आएका छन् ।

रुस-युक्रेन द्वन्द्वमा नेपाल युक्रेनको पक्षमा उभिएसँगै अमेरिका र पश्चिमा मुलुकका अधिकारीको नेपाल भ्रमण बाक्लिएको हो । नेपालले आफ्नो असंलग्न विदेश नीति छाड्दै युक्रेनको पक्ष लिएको थियो । राष्ट्रसंघको **बाँकी ८ पेजमा**

६० हजार जनशक्ति चुनावी कार्यक्षेत्रमा

काठमाडौं । आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदै छ । निर्वाचन आउन अब नौ दिन मात्र बाँकी छ । चुनावमा महत्वपूर्ण भूमिका रहने नेपाल प्रहरीको करिब ६० हजार जनशक्ति कार्यक्षेत्रमा खटिँदै छन् । प्रहरीसँगै सशस्त्र प्रहरी तथा आवश्यकताअनुसार नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी पनि निर्वाचनमा खटिनेछन् । सूचना संकलनसँगै सुरक्षा चुनौतीबारे विश्लेषण गर्न सुरक्षाकर्मीहरू कार्यक्षेत्रमा खटिसकेका छन् ।

तर, कार्यक्षेत्रमा खटिने सुरक्षाकर्मीलाई नेतृत्वदायी भूमिका निर्वाह गर्ने उपल्लो दर्जाका प्रहरी कर्मचारीको दरबन्दी भने पूर्ति भएको छैन । **बाँकी ८ पेजमा**

नेपालमा निर्वाचनको इतिहास

काठमाडौं । नेपालमा पहिलो पटक २००४ सालमा संविधान जारी भएपछि जारी भएपछि गाउँ तथा नगरपञ्चायतको चुनाव भएको थियो । त्यसको सात वर्षपछि अर्थात् २०१० सालमा दोस्रोपटक र २०१४ सालमा तेस्रो पटक स्थानीय निकायको चुनाव भएको इतिहास छ । २०१४ सालमा गाउँ पञ्चायत र २०१८ सालमा नगरपञ्चायतको निर्वाचन भएको आयोगले जनाएको छ ।

०१० को निर्वाचनमा काठमाडौं ८ बाट साधना प्रधान जनप्रतिनिधिका रुपमा निर्वाचित भएकी थिइन् । प्रधान नै पहिलो निर्वाचित महिला जनप्रतिनिधि हुन् । आयोगका अनुसार नगरपञ्चायत निर्वाचन ०१९ साल जेठदेखि विभिन्न मितिमा, जिल्लासभा र जिल्ला पञ्चायत निर्वाचन ०१९ सालदेखि विभिन्न मितिमा, अञ्चल सभा र अञ्चल पञ्चायत निर्वाचन ०२० सालदेखि विभिन्न मितिमा सम्पन्न भएका थिए ।

यसैगरी ०३९ साल वैशाख २८ र ३१ गते तथा जेठ ३ र ४ गते गाउँपञ्चायत तथा नगरपञ्चायत, ०३९ साल असार २ गते जिल्ला पञ्चायत, ०४३ साल चैत ७ र १० गते गाउँपञ्चायत तथा नगरपञ्चायत एवं ०४४ साल वैशाख २६ गते जिल्ला पञ्चायतको चुनाव भएको थियो ।

प्रजातन्त्रको पुनःस्थापनापछि स्थानीय निकायको निर्वाचन ०४९ जेठ १५ र १८ गते गाउँ विकास समिति तथा नगरपालिका निर्वाचन भएको थियो । ०४९ साल असार १३ गते जिल्ला विकास समितिको निर्वाचन ०५४ जेठ ४ र १३ गते गाउँपालिका र नगरपालिकाको निर्वाचन तथा ०५४ साल असार २७ गते जिल्ला विकास समितिको चुनाव भएको थियो । २०६२ साल माघ २६ गते समेत नगरपालिकाको चुनाव गरिए पनि त्यसले राजनीतिक रुपमा वैधानिकता पाएको थिएन ।

संविधानसभाबाट संविधान बनेपछि ०७४ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो । ०७४ साल वैशाख ३१, असार १४ र असोज २ गते तीन चरणमा निर्वाचन गरिएको थियो । सो निर्वाचनमा ५७ वटा राजनीतिक दलले भाग लिएका थिए । त्यसमध्ये १८ वटा राजनीतिक दलको स्थानीय तहमा प्रतिनिधित्व रहेको थियो । स्थानीय तहको निर्वाचनमा २ सय ३३ स्वतन्त्रसहित कुल ३५ हजार ४१ जनप्रतिनिधि निर्वाचित भएका थिए । त्यस निर्वाचनका लागि १ करोड ४० लाख ७४ हजार ४ सरय २४ मतदाता कायम भएकामा १ करोड ४ लाख ८९ हजार २ सय ४ मतदाताले मतदान गरेको निर्वाचन आयोगको विवरणमा उल्लेख छ ।

राहुल गान्धी काठमाडौंमा

काठमाडौं । एउटा भिआइपी विवाह समारोहमा सहभागी हुन सोमबार साँझ काठमाडौं आएका भारतीय राष्ट्रिय कंग्रेसका पूर्वअध्यक्ष राहुल गान्धी मंगलबार दिनभर दिल्लीमा विवादित बने । सोमबार राति ठमेलको एउटा नाइट क्लबमा राहुल मंगोलियन अनुहारकी एक युवतीका साथमा देखिएको भिडियो सार्वजनिक भएपछि सत्तारूढ भारतीय जनता पार्टीका नेताले चर्को आलोचना गरेका छन् ।

भाजपा नेता अमित माल्भियालगायतले राहुल गान्धी क्लबमा गएको भिडियो सार्वजनिक गर्दै आलोचना गरेका छन् । बिहारका मन्त्रीसमेत रहेका भाजपा नेता सैयद साहनवाज हुसेनले भनेका छन्, 'राहुल गान्धी आफ्नो राजनीतिक पार्टी सञ्चालनमा होइन, पार्टीहरूमा व्यस्त छन् ।' भारतीय मिडियाले पनि त्यससम्बन्धी **बाँकी ८ पेजमा**

असल नागरिक, राष्ट्रवादी शक्ति र राजनीतिक दल

समय सन्दर्भ

● **पूर्ण ओली (पूर्वमहासेनानी)**

राष्ट्रियताको खोक्रो नारा लगाउँदैमा कोही राष्ट्रवादी र असल नागरिक हुँदैन । राष्ट्रवादी त्यस्ता नागरिक हुन् जसले राष्ट्रियता, राष्ट्रिय स्वाभिमान, राष्ट्रिय अस्मिता, राष्ट्रिय परम्परा, राष्ट्रिय गौरव बुझेको छ र जो राष्ट्रप्रति समर्पित छ, इमानदार छ । बडामहाराज पृथ्वीनारायण शाह सच्चा राष्ट्रवादी थिए । बाइसे चौबीसे टुक्राहरूमा विभक्त नेपाल राज्यलाई एकीकरण गरी एउटै छातामुनि अटाउने राष्ट्रवादी, स्वाभिमानी, देशभक्त राजा सच्चा नेपालीले बिर्सनै सक्दैनन् चाहे अहिलेका खोक्रा राष्ट्रवादीहरूले उनको सालिक ढालेर जति नै अपमान किन नगरुन् ।

राष्ट्रवादी व्यक्तिले आफ्नो श्रम, सीप, बुद्धि, विवेक इमानदारीपूर्वक प्रत्यक्ष अप्रत्यक्ष रूपमा समाज र राष्ट्रप्रति समर्पित गरिरहेका हुन्छन् । त्यस्ता केही व्यक्तित्वहरूलाई यहाँ स्मरण गर्न सान्दर्भिक ठान्दछु । नेपालका पहिलो राष्ट्रपति रामवरण यादवले जहिले पनि भन्नुहुन्थ्यो 'हामी सबै नेपाली एक भएर मात्र सार्वभौम राष्ट्रको सुरक्षा र विकास गर्न सकिन्छ । त्यसका लागि हिमाल, पहाड, तराई, कोही छैन पराइ भन्ने विचार बारम्बार राख्दै जातजाति र क्षेत्रीयताका आधारमा देशका नागरिक विभाजित हुनुहुन्न भनी सबै दलका नेताहरूलाई सचेत गराइरहनु हुन्छ' ।

सधैँभरि राष्ट्रको सीमा सही व्यवस्थापनका लागि कलम चलाइरहने सीमाविद् तथा स्वाभिमानी व्यक्तित्व बुद्धिनारायण श्रेष्ठ, भ्रष्टाचारीहरूलाई ठीक गर्न सक्छु भन्ने आँट भएका सूर्यनाथ उपाध्याय जस्ता साहसी पूर्वअख्तियार प्रमुख, भ्रष्टाचार विरुद्धमा लागि सुशासनका लागि सम्बन्धित निकायहरूलाई सधैं घचघच्याइरहने इमान्दार पत्रकार प्रो. पब्लिक असल शासनका अध्यक्ष केदार खड्का, कर्ण शाक्य जस्ता सकारात्मक सोच भएका उद्योगपति तथा लेखक । हेल्प नेपालका संस्थापक अध्यक्ष रवीन्द्र मिश्र जस्ता निडर राष्ट्रवादी सकारात्मक सोच भएका पत्रकार । कनकमणि दिक्षित जस्ता साहसी यथार्थवादी र स्पष्ट लेखनशैली भएका पत्रकार तथा युवराज गौतम, युवराज घिमिरे जस्ता योग्य, अनुभवी, निडर र राष्ट्रवादी सोच भएका निष्पक्ष पत्रकार । साहसी, स्पष्टवादी र निडर स्व.इन्द्र लोहनी जस्ता पत्रकार जसको असामयिक निधनले एउटा साहसी पत्रकारको कमि खट्किरहेको छ ।

बि.बि.सि साझा सवालका संचालक नारायण श्रेष्ठ जसले नेपाली समाजका ज्वलन्त समस्यालाई उजगार गरी समाधानको बाटो पहिलाउन सम्बन्धितहरूलाई अभिप्रेरित गर्छन् । उत्तम संजेल जस्ता समतामूलक शिक्षाका प्रवर्तक समाजसेवक । बेचिएर नरक जस्तो जिन्दगी बिताएका चेलीको उद्धार गरी नयाँ जीवन दिने अनुराधा कोइराला जस्ती सच्चा समाजसेवी । मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यजस्ता समाजलाई चेतना दिने समाजसेवाप्रति समर्पित राष्ट्रवादी कलाकारहरू । उपभोक्ता हित संरक्षणमा लागेका ज्योति बानियाँ । पद्मोदय हाइस्कुल (सरकारी स्कुल) बाट पनि एस.एल.सी मा शतप्रतिशत पास गराउन सक्ने रमेश गौतम जस्ता इमानदार, समर्पित प्रधानाध्यापक । गरिब दुःखी असहायहरूको सेवामा रातोदिन समर्पित मेडिकल सेवाका डा.गोविन्द के.सी., डा. भगवान कोइराला, डा. सन्दुक रुइतहरू जसले सेवाभावनाबाट अभिप्रेरित हुँदै डाक्टर पेसालाई ज्यादै मर्यादित बनाई समाजको उच्च स्थानमा राख्न ठूलो योगदान पुऱ्याएका **बाँकी ८ पेजमा**

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

Should be बराबर Is कहिले हुने ?

सुरेन्द्र ढकाल

सन्दर्भ : स्थानीय चुनाव

संविधानको प्रस्तावना र राज्यको नीति निर्देशक सिद्धान्तमा व्यवस्था भएको कुरावाहेक परिच्छेद धारा, उपधारा, खण्ड वा उपखण्डमा व्यवस्था भएका कुरा बाध्यकारी हुन्छन् । संविधान मूल कानुन भएको हुँदा अरू कानुनमा उल्लेख भएका कुरा संविधानसँग बाझिएमा बाझिएको हदसम्म त्यस्ता कानुन खारेज हुन्छन् । संविधानमा गरिएका व्यवस्थाहरू कार्यान्वयन हुनुपर्छ, त्यसैले त्यस्ता प्रावधानलाई Should be Instance (हुनुपर्छको अवस्था) भनिन्छ । Should be बराबर Is (भएको छ को अवस्था) भयो भने मात्रै संविधान पूर्ण कार्यान्वयन हुन्छ । भएन भने त्यस्को कारण संवैधानिक अदालतमा मुद्दा परेमा परमादेशबाट पनि कार्यान्वयन गर्नु भन्ने आदेश आउन सक्छ । ओलीले २ पटक संसद भंग गर्दा परेको मुद्दामा यही कारण परमादेश भएको हो ।

अहिले देश स्थानीय चुनावमय भएको छ । संविधानमा व्यवस्था भएअनुसार हुनुपर्ने समानुपातिक समावेशी उम्मेदवारी भएन, महिला र दलितहरूको लागि संविधानले छुट्याएको कोटाको समेत बेवास्ता भयो भन्ने कुरा व्यापक रुपमा अगाडि आएको छ । त्यसै गरी संवैधानिक बेन्चले No Vote र Right to Reject कार्यान्वयन गर भनेर सरकार र निर्वाचन आयोगलाई आदेश दिइसकेको परिप्रेक्ष्यमा किन मतपत्रमा त्यसको व्यवस्था भएन ? यो अदालतको

मानहानी होइन ? निर्वाचन आयोगबाट राष्ट्रिय राजनीतिक दलको मान्यता लिने अनि चुनावी गठबन्धन बनाई त्यसको वहानामा महिला र दलितको

संविधानवमोजिम प्रतिनिधित्व हुने सकेन भनेर भाग्न पाइन्छ ? संविधानले गठबन्धन गरेर चुनावमा जाउ भनेर कहीँ पनि व्यवस्था गरेको छैन । त्यसकारण यो चुनाव खारेज हुनुपर्छ । Should be बराबर Is भएको छैन भनेर कानुनचीहरू किन अदालतमा मुद्दा दर्ता गर्दैनन ? अहिले नेपालमा कानुनको कार्यान्वयनको अवस्था हेर्दा संविधानको व्यवस्थालाई कानुनले काट्ने, कानुनलाई नियमले काट्ने, नियमलाई नियमावलीले काट्ने अनि नियमावलीलाई नेता र कर्मचारीको मनसायले काट्ने काम भइरहेको कारण संविधान निरिह बन्न पुगेको छ ।

सबै राजनीतिक दल असक्षम, भ्रष्ट, राष्ट्रघाती भई एक्लाएक्लै जनताको अगाडि जान नसकेको कारण मिलीजुलि बाँडीचुँडी खाऔं, जनतालाई मूर्ख बनाइराखौं भनेर चुनावी गठबन्धन भएको होइन ? Should Be बराबर Is हुनुको लागि सर्वप्रथम सत्तारुढ र विपक्षी राजनीतिक दल र नेताहरूमा संविधानप्रतिको प्रतिबद्धता हुनुपर्‍यो, नभएको खण्डमा आवाज उठाउने नागरिक समाज र दबाव समूह हुनुपर्‍यो । अनिमात्रै संविधानको पूर्ण कार्यान्वयन हुन्छ । अन्यथा चोर चोर मिलेर संविधान र कानुन छल्दै देशलाई असफल बनाउँछन् । यसको हेक्का राखौं । Should Be बराबर Is हुनैपर्छ ।

सम्पादकीय

३६५ दिनमा २ सय १० दिन बिदा

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले आगामी जेठदेखि सातामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । यो निर्णय सरकारी कर्मचारी, सरकारी शिक्षक तथा सरकारी स्वामित्वको संस्थान वा निकायमा मात्रै लागू नभएर संस्थागत रूपमा चलेका निजी क्षेत्रहरूमा समेत लागू गरिने जनाइएको छ । अहिलेसम्म साताको अन्तिम दिन शनिबार मात्र बिदा दिने गरिएकोमा अब साताको पहिलो दिन आइतबार पनि बिदा हुनेछ । चाडपर्व तथा कर्मचारीहरूले पाउने छुट्टै बिदा त छँदैछन्, यी सबै बिदाको हिसाब गर्ने हो भने वर्षका ३ सय ६५ दिनमध्ये २ सय १० दिन कर्मचारीहरूले बिदा मात्रै पाउने भए । साताको दुई दिन बिदा दिने व्यवस्था नेपालमा २०५६ देखि ०५९ साल तीन वर्षसम्म लागू गरिएको थियो । बिदाका कारण विकृति बढ्दै गएपछि त्यसलाई हटाइएको थियो र साताको अन्तिम दिन शनिबार मात्र बिदा दिने गरिएको थियो । शुक्रबार पनि कर्मचारीहरू चाँडै घर जाने, शनिबार, आइतबार बिदा नै भइहाल्यो । सोमबार पनि कर्मचारी ढिलो कार्यालयमा आउने गर्नाले जनताले सानो सास्ती पाएनन् । दुर्गम जिल्लाहरूमा टाढाबाट सदरमुकाम पुगेका सेवाग्राहीहरूले दुई दिन बिदा हुँदा शुक्रबार काम नसकिए थप दुई दिन बास बस्नुपर्ने बाध्यता हुने गरेको गुनासो आएपछि सरकारले आइतबार पनि दिइने सार्वजनिक बिदा कटौती गर्नुपरेको थियो । अब फेरि त्यही अवस्था दोहोरिने निश्चितप्रायः छ ।

इन्धन खपत बचत गर्न नेपाल आयल निगमले सातामा दुई दिन बिदा दिन सरकारसमक्ष आग्रक गरेको थियो । रूस युक्रेन युद्धका कारण विश्वव्यापी रूपमै इन्धनको संकट उत्पन्न भएको छ । नेपालले इन्डियन ओयल कर्पोरेशनसँग डलरमा इन्धन खरिद गरी बिक्री वितरण गर्दै आएको छ । भारतले रूस र युक्रेनबाट इन्धन आयात गर्दैन । सबभन्दा बढी इरानसँग इन्धन खरिद गर्छ । योबाहेक इराक, कुवेत, सहुदी अरबबाट भारतले इन्धन आयात गर्छ । भारत रूससँग कोइलामा निर्भर छ भन्न सकिन्छ । युद्धका कारण कोइला आयात कम हुनाले भारतमा विद्युतको सम्भावित हाहाकारलाई नजरअन्दाज गर्न सकिन्न । कार्यालय सञ्चालन खर्च र इन्धन खर्च कम हुने तथा आन्तरिक पर्यटक बढ्ने भएकाले साताको दुई दिन बिदाको व्यवस्था गरिएको तर्क कर्मचारीहरूको छ । तर खानेपानी र बिजुलीबाहेक कार्यालय खर्च रोक्न यस्तो निर्णय गरिएको भन्ने तर बिदाका बेला कर्मचारीहरू घुम्न निस्कने भएकाले आन्तरिक पर्यटक बढ्ने प्रक्षेपण समेत गर्ने असंगत तर्क गरिँदैछ । बिदाको दिन कर्मचारीहरू घुम्न निस्कँदा गाडीमा पेट्रोल नै हाल्छन् पानीले त गाडी चल्दैन ।

दुई दिनको बिदाले कहाँ र कति घुम्ने भन्ने प्रश्न उठ्छ । छोटो दूरीको गन्तव्यलाई दुई दिनमा नै भ्याउनुपर्ने हुन्छ । सीमित आय स्रोतका कारण हप्तैपिच्छे आन्तरिक पर्यटक बन्न सम्भव हुँदैन । बिदाको सदुपयोग अनुत्पादक खर्चनुपर्ने हुन सक्छ । दुई दिन बिदा महिनामारी तलब बुझ्ने कर्मचारीमा केन्द्रित छ । ज्यालादारीमा काम गर्ने ठूलो हिस्साका बारेमा सरकारले सोचेको देखिदैन । अर्कोतर्फ दुई दिन बिदाले शैक्षिक संस्थाको अवस्था चौपट हुने देखिन्छ । दुई दिन पढाउने कोर्ष एकै दिनमा सम्भव हुँदैन । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) ले दुई दिने सार्वजनिक बिदा दिने निर्णय नमान्ने बताएको छ । पर्व विशेषसँग सम्बन्धित समुदाय भूगोल वा आवश्यक परेकालाई मात्र बिदा दिनुपर्नेमा अन्यलाई पनि बिदा दिइने गलत परम्परा बसाइएको छ । जस्तो इल उल फित्र, क्रिसमस डे, ल्होरा आदिमा सार्वजनिक बिदा दिइने गरिएको छ । अन्य बिदाहरू नकटाइ सातामा दुई दिन बिदा दिइनु कमजोर कर्मचारीहरूलाई झनै प्रोत्साहित गर्नु हो ।

युक्रेन, स्टालिन र पुटिन (५)

सुदर्शन प्रधान

अमेरिका क्रुद्ध बन्दै हामीसँग प्रश्न गर्न सक्छन् 'के भन्यौ हामीलाई ? "के तनि ?" हाम्रो जवाफ हुनेछ । भियननाम, लाओस र कम्युचियामा बमबाड गरी कति मान्छे मार्‍यौं ? ताइवान र दक्षिण कोरियामा सैन्य अखडा स्थापना गरी कति अशान्ति सिर्जाइरहेछौ ? जापान, जर्मनी र इटलीमा झण्डै ७५ हजार सेनाको अड्डा जमाएर के के गरिरहेछौ ? जहाँको सञ्चार माध्यममा पकड जमाई कस्तो-कस्तो कुराहरू सम्प्रेषण गरिरहेछौ र त्यहाँको सत्ता परिवर्तन र राज्यसत्तामा कतिसम्म प्रभाव र पकड जमाइरहेछौ, तिब्बत, सिन्जियाङ, हङकङ र ताइवानको सवाल र समस्याहरू उछालेर चीनलाई किन तनाव दिइरहन्छौ ? तिम्रै कर्मले भनौं युक्रेनमा नेटोको प्रभाव र तिम्रो आफ्नो पकड राख्ने इरादा लिँदा रुसका पुटिन क्रुद्ध बने र आज युक्रेनी दशौं लाख जनताले परपीडा र संकट र समस्याको भुमरीमा जानुपर्‍यो ।

तिम्रो कर्मले मध्यपूर्व र अफगानिस्तानका कति लाख जनताले ज्यान जीवन गुमाए ? कति लाख घाइते, अपाङ्ग बने ? कति लाख शरणार्थी बनेर परपीडाको जीवन गुजारिरहेछन् ? अझ अरु पनि तथ्यहरू बताऊँ ? पुर्खाको निरन्तर हिंसात्मक प्रवृत्ति र परम्परालाई त्यागेर १८० डिग्री फन्को मारेर अक्षरस विश्व मानवजातिमा शान्ति, सुव्यवस्था अनि प्रकृतिको सुरक्षाको मार्गमा लागी पर । तब विश्वका जनताले तिमीलाई इतिहासको रगतको खोला र आँसुको तालालाई बिर्सेर सम्मान र श्रद्धा गर्लान् ? अन्यथा दुर्गन्ध ढलको पिँधमा बग्नेछौं ।

नयाँ इतिहासको समाज र संसारमा तिमी विगत र वर्तमानका अमेरिकी अधिकारीहरूसहित सामान्य पत्रकार, लेखक, सेना, प्रहरी, कर्मचारीहरू र सम्बन्धित सबै सबै जो अमेरिकी सामाजिक, आर्थिक, राजनैतिक पाले पहरेहरू थिए र छन् ।

चीनले पनि हामीसँग रिसाउँदै ? प्रश्न गर्न सक्छ कि 'हामीलाई पनि अमेरिकी कोटीमै राखेको ?'

'हैन, अमेरिकी कोटीमै राख्ने समय भएको छैन तर पथदर्शनलाई नियाल्दा उस्तै हुनसक्छ' चीनलाई हाम्रो गम्भीर जवाफ हुनेछ - कन्फ्युसियस २७ सय वर्ष अघिको दार्शनिकले चिनियाँ जनतालाई के दिए ? गरिबी, भोकमरी, महिला उत्पीडन सामन्त र दासमालिकहरूको रजाई अनि असीमित श्रमिक वर्गको रगत, पसिना र आँसुको भेल हो कि हैन ? मार्क्सवाद, लेनिनवाद, स्टालिनवाद र माओवादको उज्यालो ज्योतिले अफिमको नशामा लट्ठिएका जनता सचेत, संगठित र संघर्षशील बनी चीनको मुक्ति र स्वाधीनता प्राप्ति भएको हो कि हैन ? कन्फ्युसियस किन सर्वोपरी मान्छौ ? त्यसमा कुनै तुक छैन बरु तिनको प्रभाव र पकड चिनियाँ कम्युनिस्ट पार्टीमा रहेछ भनेर स्पष्ट भन्न सकिन्छ । सि जिनपिङ ! तिमी स्वयं कन्फ्युसियस र गौतम बुद्धभन्दा हजारौं गुण विशिष्ट दार्शनिक बन्ने अवसर छ, त्यसका लागि तिमीले तीनवटा कुराहरू गर्नुपर्छ-

प्रथम- चीन र विश्वको वातावरणको संरक्षणमा आफ्ना सेना र सशस्त्र शक्तिहरू लगाउनु पर्छ र आम चिनिया जनतालाई डोर्‍याउनु पर्छ । जसरी चिङकाङ शान पहाडमा माओत्से तुङ नेतृत्वका लालसेनाहरूले ९४ वर्ष अघि युद्धमा लड्ने, उत्पादनमा भाग लिने र राजनैतिक कार्यकर्ताको भूमिका पनि पूरा गर्ने गर्थ्यो ।

द्वितीय- रुसी नेता भ्लादिमिर पुटिनलाई युक्रेन नै सर्वोपरि हैन जुन भूभागको विजय र पराजयले रुसको अस्तित्व रहन्छ कि रहँदैन भन्ने कुरालाई अतिरञ्जिन रुपले विश्लेषण गर्न हुँदैन भनेर सम्झाउन जरुरत छ र आणबिक बमहरू प्रयोग गर्ने कुरा त सर्वथा गलत छ भनेर स्पष्ट पार्न पनि खाँचो छ । शान्ति वार्तामा फर्कन र युक्रेनबाट आफ्ना फौज हटाउनु पर्छ भनेर सम्प्रेषण गर्न पनि उत्तिकै आवश्यक छ । तिम्रो आड भरोसाले उसले ठुलै विनाश मच्चाउने प्रबल सम्भावना छ ।

तृतीय- अमेरिका, ब्रिटेन, जापानसहितका साम्राज्यवादी इतिहास बोकेका राष्ट्रहरूको पतन भनौं त्यहाँका विश्वका जनद्रोही, धर्तीद्रोही, महिलाद्रोही शासकहरूका पतन निकट भविष्यमै ध्रुवसत्य छ । किनकि विश्वव्यापी धर्तीको सुरक्षा, श्रमिकवर्गको मुक्ति र महिलावर्गको मुक्तिको संग्राम संसारभरि सम्हालिनसक्नुको आँधिबेहरी आउँदैछ । जुन शक्ति र स्रोतहरूले सबै खालका सडेगलेका विचार र व्यवहारहरूलाई धुलिसात तुल्याउने छ । अनि विश्वव्यापी सत्यम् शिवम् सुन्दरम् समाज व्यवस्था स्थापना हुनेछ । यो महान् अभियानमा आजसम्म कुनै पनि देशमाथि साम्राज्यवादी नीति लिएर फौजी हमला गरी अगाडि नबढेको चीन हाम्रो साथमै हुनुपर्छ भन्ने कामना छ ।

संयुक्त राष्ट्रसंघको अस्तित्व र भविष्यबारे

प्रथम महायुद्धले युरोपमा करोडौं मानिसहरूका मृत्यु, घाइते, अपाङ्ग र ठुलो भौतिक, आर्थिक क्षतिले अबदेखि त्यस्तो विनाशकारी युद्ध नहोस् भनेर युरोप र अमेरिकाका नेता र विद्वान्हरूले 'लिग अफ नेसन्स' को जन्म दिएका थिए । यो संगठनले केही कामहरू पनि गरे । तर केही शक्ति राष्ट्रहरू युद्ध गर्न र गराउनु पर्दा पछाडिबाट अनेकौं भूमिकाहरू खेल्दै गरे । सन् १९३५/३६ तिर जर्मनी, इटली र जापानले 'लिग अफ नेसन्स' को सदस्यता त्याग गरे र दोस्रो महायुद्धको रचना गरे । जुन युद्धसँगै यो संस्थाको अस्तित्व पनि विलुप्त भयो ।

दोस्रो महायुद्धमा हिटलरी जर्मनी र इटलीका मुसोलिनीको कर्मले झण्डै ५ करोड मानवहरूको ज्यान गयो अरु ८ करोड घाइते अपाङ्ग बने । सहरबजार, स्कुल, अस्पताल, कलेज, पुल पुलेसाहरू असीमित विध्वंस बने । जापानले कोरिया (मङचुरिया) मा मूल अड्डा जमाएर चीन र पूर्वी एसियामा युद्धको धावा बोल्यो । यहाँ पनि करोडौं जनताको मृत्यु, घाइते, अपाङ्ग र अरु असीमित भौतिक संरचनाहरू विनास भयो । सन् १९४५ को मेमा र अगस्तमा क्रमशः युरोप र एसियामा शान्ति छायो । यसमा रुसी लालसेना र तिनको नेतृत्व गर्ने जोसेफ स्टालिनको विशिष्ट भूमिका रह्यो ।

दोस्रो महायुद्धपछि फेरि विश्व स्तरीय संगठन 'संयुक्त राष्ट्र संघ' स्थापना भयो । लिग अफ नेसन्ससँग आफ्नो फौज नभएकोले दोस्रो महायुद्ध भड्किय भनेर संयुक्त राष्ट्र संघले आफ्नो अधिनमा फौज राख्ने नीति बनायो 'शान्ति सेना' विगत झण्डै ७० वर्षको इतिहासमा संयुक्त राष्ट्र संघले पनि विश्व मानव जातिमा र कैयौं तनावपूर्ण दुई राष्ट्रहरू बिचको समस्या सिर्जदा निर्णायक भूमिका खेल्न सकेनन् । भिटो पावरबाट सुसज्जित अमेरिका, रसिया, चीन, ब्रिटेन र फ्रान्सको आक्रामक नीतिलाई शान्ति सेनाले केही गर्न सकेनन् । जस्तै- अमेरिकाको आडभरोसा पाएको इजरायलले पेलेस्टिनिहरूमाथि यो बीचमा कैयौं पाली सशस्त्र आक्रमण गर्दा अमेरिकाले इजरायलको पक्ष लागेर अझ भिटो पावर प्रयोग गरेर तिनको रक्षा गरे । हजारौं र लाखौं पेलिस्तिनीहरूको मृत्यु भयो । इजरायललाई कुनै सजाय भएन । त्यसरी नै भियतनामले सोभियत संघको आड लिएर कम्पुचियामाथि आक्रमण गरी लाखौं कम्पुचियन जनताहरूको हत्या र पोलपोट सरकारलाई जंगल लखेटे तर भियननामको पक्षमा भिटो पावर प्रयोग गर्ने रुसको कारणले उसलाई केही भएन ।

फ्रान्सले लिबियाका राष्ट्रपति कर्णेल गद्दाफीको हत्या र गृहयुद्धले लाखौंको मृत्यु भयो । अमेरिकाले ल्याटिन अमेरिका, अफ्रिका र एसियाका कैयौं भूभागहरूमा सैन्य अखडाहरू स्थापना गरी लाखौं विरोधीहरूको कत्लेआम र विनाश मच्चाउँदै आइरहेछ । उनलाई कसले रोक्ने ? युगोस्लाभिया र अफगानिस्तानमा सोभियत संघको नाङ्गो आक्रमण भयो, त्यसरी नै दश दिन अघि युक्रेनमा रुसी पुटिनको नेतृत्व र निर्देशनमा हजारौं सशस्त्र शक्तिले धावा बोल्यो ।

हजारौंको मृत्यु र लाखौं युक्रेनी जनताको पलायन भनौं शरणार्थी बनिरहेछन् । पुटिन नेतृत्वको रुसी सेनाहरूलाई कसले रोक्ने ? भिटो पावरले सुसज्जित यी धुन्धुकारीहरूलाई बेलैमाथि नियन्त्रण गर्नुपर्छ अन्यथा तिनले तेस्रो विश्वयुद्ध थाल्नेछन् र आफ्नो साम्राज्यको लागि आणविक बम, हाइड्रोजन बमहरू प्रयोग गरेर यो सुन्दर संसार र मानव समाज तथा सभ्यतासमेत भस्मीभूत तुल्याउने छन् ।

यस्ता थुप्रै तथ्यहरू छन् कि लिग अफ नेसन्सको अस्तित्व लोप भएझैं संयुक्त राष्ट्र संघको अस्तित्व पनि लोप हुने प्रबल सम्भावना छ, तेस्रो महायुद्ध सँगसँगै । किनकि जुन शक्तिशाली देशहरू विश्वका साना तथा कमजोर राष्ट्रहरू र त्यहाँका जनताको रक्षक हुनुपर्थ्यो तिनै राष्ट्रहरू स्वयं भक्षक साबित भए । त्यस पछाडि थुप्रै कुराहरूले सक्रिय भूमिका खेल्न भयो । जस्तो कि माथि केही वर्णन छ ।

(क्रमशः)

मैले देखेको २०५ औं विश्व पर्यटकीय स्थल

विभाजित राजधानी निकोसिया

सुरेन्द्र ढकाल

क्याथेड्रलको भित्री भाग

निकोसिया सहरको केन्द्र यस्तो रहेछ



निकोसियाको मध्यकालीन पर्खाल

निकोसियाको शान्ता सोफिया क्याथेड्रल बाहिरबाट हेर्दा

राजधानी निकोसिया विभाजन भएको स्थल

अप्रिल २ २०१६ को बेलुका ९ बजे तेल अभिभबाट उडी राति १० बजे साइप्रसको लार्नाका विमानस्थल ओर्लिंदा मित्र मीना रेग्मी मलाई लिन विमानस्थल नै आएकी रहिछन्। त्यहाँबाट हामी करिब एक घण्टाको टेक्सी चढी समुद्रतटीय सहर इपसोना आइपुग्यौं। त्यहाँ मीनाले मेरो बस्ने प्रवन्ध मिलाएकी रहिछन्। त्यसदिन नेपाली खाना बनाइ खाई भोलिपल्ट बिहानै २ घण्टामा ९५ किलोमिटरको दूरी तय गरी करिब १० बजेतिर हामी साइप्रसको विभाजित राजधानी निकोसिया आइपुग्यौं।

विभाजित राजधानी (Devided Capital) निकोसिया

भूमध्यसागरीय टापु साइप्रसमा ४५०० वर्षदेखि नै टर्कीबाट आएका इस्लाम र ग्रीसबाट आएका इसाइहरूको वासस्थान रहिआएको रहेछ। जसलाई टर्किस साइप्रट र ग्रीक साइप्रट भनेर चिनिंदो रहेछ। निकोसिया १० औं शताब्दिदेखि नै साइप्रसको राजधानी रहेछ। मेसाओरियाको तराई र पेदिएओस नदीले उर्वरा गराएको राजधानी निकोसियाको अर्थ सेता भगवानहरू (White Gods) हुँदो रहेछ। सन १९६४ र त्यसपछिका वर्षहरूमा असंलग्न राष्ट्रको संस्थापक नेता आर्कविशप मकारियस अविभाज्य साइप्रसको राष्ट्रपति रहेको मैले बालककालमा सुनेको हुँ। इसाई र इस्लामी साइप्रटबीच गृहयुद्ध भई टर्कीको सेनाले सन १९७४ मा आक्रमण गरी राजधानी निकोसियासहित टापुको उत्तरी भाग आफ्नो कब्जामा लिएपश्चात साइप्रस टर्किस र ग्रीक गरी दुई देशमा विभाजनको रेखा कोरिएको रहेछ। यसप्रकार ग्रीक साइप्रस भने युरोपेली संघको सबैभन्दा दक्षिणपूर्वको सदस्य राष्ट्र बन्न पुगेको रहेछ। हुन पनि म तेलअभिभबाट लार्नाका विमानस्थल आइपुग्दा मेरो राहदानीमा भएको ५ वर्षे सेन्गेन भीसाको कारण मलाई प्रवेश दिइएको थियो। त्यसैबाट ग्रीक साइप्रस युरोपेली संघको सदस्य रहेको जानकारी मैलै पाएको थिएँ। टर्किस साइप्रसलाई टर्कीबाहेक संसारका अरु कुनै पनि राष्ट्रले स्वतन्त्र राष्ट्रको मान्यता अझै दिएका रहेनछन्। वर्तमानमा निकोसिया अन्तर्राष्ट्रिय व्यापारिक र वित्तीय राजधानीको रुपमा स्थापित भएको र सन २०१८ मा संसारको ३२ औं धनी सहर घोषणा भएको रहेछ।

इतिहास खोतल्दै जाँदा इसापूर्व ६७२ मा आस्सिरियन साम्राज्यअन्तर्गत सबैभन्दा पहिलोपटक निकोसियाको नाम उल्लेख भएको रहेछ। त्यसलाई विजाइन्टाइन वंशको पालामा ल्युकोसिया र इसाइहरूले आफ्नो पालामा लेफ्कोसिया भनेर पुकार्दा रहेछन्। यस शहरको स्थापना ट्रोयान युद्धपश्चात Achaeans Tribe ले गरेको बताइँदो रहेछ। बिजाइन्टाइन वंशको पालामा निकोसियालाई सामरिक दृष्टिकोणबाट बढी सुरक्षित देखेर बिजाइन्टाइन गर्भनरको राजधानी बनाइएको रहेछ।

बिजाइन्टाइनका पछिल्ला गभर्नर आइज्याक कोम्नेनोसले आफूलाई स्वतन्त्र साइप्रसको वादशाह घोषणा गरी सन ११८३ देखि ९१ सम्म शासन गरेका रहेछन्। यिनैको पालामा निकोसियालाई कमजोर पर्खालहरूले घेरी किल्लाको रुपमा विकास गरिएको रहेछ।। सन ११९२ देखि १४८९ सम्म साइप्रसमा फ्रान्किसहरूको शासन चलेको रहेछ। त्यसबेला पनि यिनीहरूको राजधानी निकोसिया नै रहेछ। यही कालखण्डमा इसाइहरूले गोथिक वास्तुशैलीमा यहाँ एक सान्ता सोफिया क्याथेड्रल बनाएका रहेछन्। सन १३७३ मा गेनोआ गणतन्त्र, सा १४२६ देखि कायरोको सुल्तान र सन १४८९ पछि भेनिस गणतन्त्रको अधिनमा गएको रहेछ। अटोमोन साम्राज्यको हमलाबाट साइप्रसलाई सुरक्षित राख्न त्यही बेलामा यहाँ बलिया किल्लाहरू बनाइएका रहेछन्। यद्यपि सन १५७० को जुलाई महिनाबाट अटोमन वंशका सम्राट पियाले पासाका सैनिकहरूले साइप्रसको समुद्रीतटीय सहरहरू पाफोस, लिमासोल, लार्नाका कब्जा गर्दै सेप्टेम्वरमा निकोसियालाई आफ्नो कब्जामा पारेछन्। त्यस क्रममा निकोसियाका २० हजार नागरिक मारिएको सार्वजनिक भवन, चर्च र दरबारहरू लुटिएको रहेछ र सान्तासोफिया क्याथेड्रललाई यिनीहरूले मस्जिदमा रुपान्तरण गरिदिएछन्। त्यही बेलादेखि विस्तारै टर्किसहरू उत्तरी साइप्रसमा आई नदी किनारमा बस्न थालेछन्। पश्चिमतिर भने आर्मेनियन र लेटिन मूलका इसाईहरू र दक्षिणमा भने ग्रीकहरूको बसाइ केन्द्रित हुन गएको रहेछ। जुलाई १८७८ मा भएको साइप्रस कन्भेन्सनपश्चात साइप्रसमा बेलायती झण्डा गाडिन पुगेछ र सन १९६० सम्म कायम भएछ।

सन १९५५ मा ग्रीक साइप्रट नेता एओका नेतृत्वमा बेलायती शासनविरुद्ध भएको सफलतापश्चात सन १९६० मा साइप्रस स्वतन्त्र भई त्यसको राजधानी निकोसिया कायम भएको रहेछ। तर ग्रीक साइप्रट र टर्किस साइप्रटबीचको कलहको कारण टर्कीले आफ्नो जातिको पक्ष लिई हमला गरी राजधानी निकोसियासहित साइप्रसको ३७ प्रतिशत भूभाग कब्जा गरी १५ नोभेम्वर १९८३ मा आफ्नो स्वतन्त्र राष्ट्र घोषणा गरेका रहेछन्। तीन घण्टाजति निकोसिया राजधानी शहरको भित्री भाग क्याथेड्रल, किल्ला र विभाजित सहरको सीमासम्म पुगी बेलुका हामी इपसोना फर्कियौं।



निकोसिया सहरको मुटुमा सुरेन्द्र अप्रिल ३, २०१६ मा

राजधानी निकोसियासहित विभाजित साइप्रसको राजनीतिक नक्सा

कथा

फेरि भेटौंला

सन्तोष खतिवडा

जेष्ठ महिनाको प्रचण्ड गर्मी, हाम्रो गाडीको एयरकण्डिसन कच्चा भएकोले हो या गर्मी ज्यादा भएकोले हो गाडीभित्र पनि हामी पसिना पसिना भएका थियौं । पोखराबाट हिंडेको करिब ६ घन्टापछि बुटवल पुग्दा गाडीमा रहेको एफएम रेडियोले अघिल्लो दिनको मौसमको विवरण बताइरहेको थियो । मेरो त्यो दिनको गन्तव्य नेपालगञ्जमा ४६ डिग्री सेन्टिग्रेड तापक्रम पुगेको सुन्दा यात्रा कष्टप्रद हुने कुराले म सशंकित भएको थिएँ ।

मेरो यात्राको सहयात्री सुरज र म त्यो रातको नेपालगञ्जको बसाईपछि भोलिपल्ट बिहानै सल्यानको सल्लिबजारको लागि प्रस्थान गर्यौं । छिन्चुदेखि करिब ४५ किमिको त्यो यात्रा अत्यन्तै रमाइलो भइरहेको थियो । भेरी नदीको तिरैतिर रफ्तारमा गुडिरहेको हाम्रो गाडी सल्लिबजार पुगेर रोकिँदा दिनको १ बजिसकेको थियो । नाङ्गा र फुस्रा देखिने पहाडको बीचैबीच नागबेली परेका सडक ठयाक्कै भेरी नदीसँग समानान्तर भएझैं लाग्दथ्यो । हाम्रो गाडीबाट देखिने भेरी नदी पारिको पहाडी बस्तिको बारेमा विवेचना गर्दै सुरज र म अगाडि बढिरहेका थियौं ।

पेसामा पत्रकार हामी जाजरकोट जिल्लामा हुन लागेको शान्ति समितिको बैठकका लागि निम्त्याइएका थियौं ।

सल्यानको सल्लिबजार पुगेपछि हाम्रो खाना खाने कार्यक्रम तय भयो । हामी सल्ली रेस्टुराँ एण्ड लजभित्र प्रवेश गर्दै थियौं । मैले बाहिरबाट त्यो लजको फोटो लिएँ । लजको दोस्रो तलाको अटालीमा एक युवती आफ्नो नुहाएर चिसो कपाल झट्कारेर सुकाउने प्रयासमा थिइन् । अटालीलाई बाँसको भाटाहरूले बारेको थियो । ती भाटाहरू टाढाबाट नै कमजोर देखिन्थे । मैले ती युवतीलाई सजग गराउने उद्देश्यले तलैबाट चिच्याएँ ।

'ए हजुर लड्नुहोला है, बिस्तारै गर्नुहोस् ।' उनी केही बोलिनन्, अनि छिट्टै कोठाभित्र छिरिन् । हामी खाना खाने टेबुलमा बस्यौं । एउटा अधबैंसे आइमाई काठका फल्याकले बनाएको दराजमा घोप्ट्याएर राखेका थाल र कचौराहरू निकाल्न थालिन् । थाल झिक्दै आफनै शैलीमा चिच्याइन् ।

'ए निता यहाँ आइज न के गरेर बसिराखेकी... ?'

'आएँ ।' एकोहोरो आवाज माथिल्लो तलाबाट आयो । म र सुरज दुवै जना त्यही आवाज आएतिर हेर्दै थियौं । तर उनी खै कताबाट फुत्त भान्साको अगाडि आइपुगिन् । मलाई उनी अघि माथि बसेको अटालीबाट झरिन् कि क्या हो भन्ने लाग्यो । भिजेको कपाल गुटमुट्याएर नकोरिकनै पोको पारेर रुमालले बाँधेकी थिइन् । गोरो उनको मुहारमा पानीका दुई चार थोपा अझै बाँकी थिए अनि ती मोतीजस्तै टल्किरहेका थिए । कपालको पानी रुमालले पूरा सुकाउन नसकेर होला कानको पछिल्लो भागबाट चुहिरहेको थियो । त्यो चुहिरहेको पानीलाई उनले आफनो चोरी औंलालाई ढल्काएर माथिदेखि तलसम्म तानिन् अनि चोरी औंलामा भएको पानीलाई झट्कारेर फालिन् र कतै नहेरी त्यो अधवैसें आइमाई (सायद उनको आमा हुनुपर्छ) ले राखेको खानाको थाल बोकेर हामीतिर आइन् ।

उनी हामीतिर पटक्कै हेर्दै थिइनन् । मलाई लाग्यो अघि मैले उनलाई जिस्क्याएकाले उनी रिसाएकी हुन् कि ! उनले खानाको थाल हाम्रो टेबुलमा राख्दै गर्दा मैले सुरजतर्फ हेर्दै भनें 'सुरज, निताजीले बनाएको खाना पक्कै मिठो हुन्छ, बुझिस् ।' मैले यतिभन्दा उनले खाना पनि हाम्रो टेबुलमा राखिसकेकी थिइन् । उनका थोरै मसिना तर लाम्चा ठ्याक्कै बदामी आँखालाई ठूलो पार्दै पुलुक्क मतिर हेरिन् र उनको ओठलाई दाँयातिर मोड्दै दायाँतर्फका पंक्ति मिलेका सेता दाँतहरू देखाएर मुसुक्क हाँसिन् अनि जवाफ दिइन् ।

'री खाना मैले पकाएको हैन ।' उनी सरासर भान्सातिर लागिन् । हाम्रो त्यो दिनको यात्रा जाजरकोटसम्मको थियो । त्यसैले हामी खाना खाएर छिट्टै सल्लिबजार छोड्देर अगाडि बढ्नु पर्ने थियो । हामी खाना खाँदै थियौं । एक्कासी आकाशबाट पानी पर्न थाल्यो । पानीमा ओत लाग्न लजभित्र छिरेका मान्छेहरूको भीड बढ्दै थियो । अनि बढेको भीडबाट आवाज आइरहेको थियो । पारीपट्टि अब गाडी जान सक्तैन । मैले भीडले के भन्न खोजेको हो नबुझेकोले भीड मध्येबाट थोरै बुझुक जस्तो देखिने एकजना व्यक्तिलाई सोधें ।

'दाइके भयो ?' उनले मतिर हेर्दै भने 'पानी परेकोले अब भेरीमा फेरी नचल्ने भयो, अब वारिपट्टिका गाडीहरू वारि नै रहने भए भनेको ।' उसको कुराले म थोरै झस्किएँ, हामीलाई त आज नै जाजरकोट जानु पर्ने, अब कसरी जाने ? मैले सुरजतिर प्राश्निक आँखाले हेरें । एकछिनमा पानी रोकियो अनि सबै जना ओता लाग्नेहरू त्यहाँबाट बाहिरिए । सायद होटलमा पाहुनाहरू कम थिए । हामी पनि उनीहरूसँगै बाहिरियौं । जाजरकोट जानका लागि केही उपाय छ कि भन्ने सोच्दै उपायको खोजीमा एकछिन भौतारियौं तर अहँ पानी परेपछि फेरी चल्ने सम्भावना नहुँदो रहेछ । हामीलाई जाजरकोट जानको लागि सल्लिबजार, देवस्थल गाविस, सल्यान जिल्ला र राकम गाबिस सुर्खेत जिल्लालाई जोड्ने भेरी नदीको झोलुङ्गेपुलबाट पारि गएपछि त्यहाँ जाजरकोट जाने बस लाग्दो रहेछ । हाम्रो गाडीलाई त्यहीं वारिपट्टि राखेर जाजरकोट जानुपर्ने भएपछि हामी थोरै अन्यौलमा पर्यौं ।

पानी रोकिएपछि सल्लीबजारको तापक्रम पनि थोरै बढेको थियो । हामी भर्खर रोकिएको पानीलाई गाली गर्दै फेरि त्यही हाम्रो पुरानो लजमा आइपुग्यौं । त्यही लजमा फर्किनुमा दुइटा प्रस्ट कारण हुन सक्थे । एउटा हामीले त्यो गाउँमा चिनेको त्यो लज मात्र थियो । अनि अर्को त्यो लजमा एकजना सुन्दर युवती पनि थिइन् । हामी साहुनीसँग चिया बनाउन अनुरोध गर्दै थियौं ।

साहुनीले सोधिन्, 'बाबुहरू कहाँसम्म जाने ?' सुन्दरले छिट्टै जवाफ दियो ।

'जाजरकोट ।' पानी परेकोले आज फेरी चलेन, त्यसैले अब भोलि जानुपर्ने भयो ।' सुन्दरले साहुनीसँग अर्को प्रश्न गऱ्यो 'साउनी कोठा त छ होला नि हैन ?' साहुनीले सहजै उत्तर दिइन । 'कोठा त छ बाबु तर पारिबाट गाडी लाग्छ नि । गाडीमा गए त भैहाल्छ नि जाजरकोट ।' हामी आफनो गाडी छोडेर लोकल बसमा जाने मनस्थितिमा थिएनौं । तर हाम्रो कुरा हामीसँगै राखेर मैले साहुनीलाई थोरै जोसिएर सोधें

'साहुनी अनि यो भेरी नदीमा गाडी चल्ने पुल बन्दै छ हैन ?' मेरो प्रश्न सकिन नपाउँदै साहुनी सुस्ताइन 'बाबु यो बर्षसम्म त सकिन्छ, त्यसपछि यो फेरीको झन्झटै हुँदैन ।'

'आमा म जान्छु है ?' एकाएक मिठो आवाज हाम्रो कानमा पऱ्यो । 'ए यता हेर त' साहुनी चिच्याइन् । कालो रङ्गको टिसर्ट र क्वाटर पाइन्ट लगाएकी अनि बाहिरपट्टि पहेंलो रङ्गको ज्याकेट लगाएकी, अनुहारलाई मेकअपले गुलाबी बनाएकी निता झट्ट हामी बसेकै टेबुल अगाडि आइपुगिन् । उनलाई देखेर मेरो आँखाले अन्त हेर्न मानेनन्, उनीतिरै हेरिरहें । मलाई उनी कहाँ जाँदै छिन् भनेर सोध्न मन लागेको थियो तर सोध्न सकिन । साहुनीले सोधिन् 'कहिले आउँछेस् ।' भोलि बिहानको कार्यक्रम हो । भोलि बेलुका नभए पर्सि बिहान् ।'

'ए ल राम्रोसँग गएस् ।' आमा छोरीको संवाद सकिने बित्तिकै निता हराइहालिनत् । मैले साहुनीलाई थोरै धक मान्दै सोधें । 'छोरी कता जान लागेकी हुन्, नेपालगञ्ज कि सुर्खेत ?'

साहुनीले खुलेर बताइन् 'उ जाजरकोट जान लागेकी । राकमबाट बसमा जान्छे । बाबुहरूको गाडी जानसकेको भए बरु त्यसैमा जान्थी होली । 'हाम्रो कार्यक्रम परिवर्तन गर्न यति कुरा काफी थियो । निताबिनाको त्यो होटलमा बस्नुभन्दा बिहानको जाजरकोटको कार्यक्रममा जानु हामीलाई एकाएक जरुरी लागेर आयो । साहुनीसँग बिदा मागेर हामी हाम्रो गाडीलाई त्यही होटल अगाडि थन्काएर हिड्यौं, जाजरकोटतर्फ ।

हतार हतार झोलुङ्गे पुल तरेर राकम पुग्दा, निताालाई भेटिन्छ कि भन्ने आशा गरेका हामी उनलाई नभेट्दा निराश भयौं । तर यात्रा गर्नु नै थियो । भेरी गंगा यातायात समितिद्वारा संचालित गाडीको टिकट काटेर जाजरकोट प्रस्थान गर्यौं । हामीलाई राकमदेखि जाजरकोटसम्मको ६२ कि.मि को यात्रा तय गर्नु थियो । त्यो पहाडी बाटोमा पहाडकी सुन्दरी निताालाई कतै भेटिन्छ कि भनेझै गाडी रोक्ने बित्तिकै हामी आशातित भएर ढोकातिर हेऱ्यौं । हामी जाजरकोट पुग्यौं तर निता भेटिइनन् । निताालाई नभेटिएर अमिलो भएको मनलाई भोलिपल्टको कार्यक्रमको मिठो कल्पनाले खुसी बनाउँदै त्यो रात जाजरकोटमा नै बितायौं ।

'सम्भव, हेर त ऊ निता ।' भोलिपल्ट कार्यक्रम स्थलमा एक्कासी सुरजले निताातिर देखाउँदै भन्यो । हिजो बाटोभरि खोजेको निताालाई आफ्नै अगाडि देखिनुले, आँखाहरू खुसीले चम्किला भए । कार्यक्रम सुरु भइनसकेकोले हामीसँग कुरा गर्न समय रहन्थ्यो नै । आफू पत्रकार मान्छे, पेसाले जिज्ञासु अनि पेसा अपनाउनु अगाडि पनि सानैदेखि जिज्ञासु प्रवृत्तिको कारण पनि निता कसरी यो कार्यक्रममा आइपुगिन् भन्ने कुराको जिज्ञासा मनमा थियो । अनि हिजोसम्म पहाडको सानो भात होटलको परिवेशमा देखिएकी निताको भिन्न परिवेश, भिन्न फेसन र भिन्न चालढालले साँच्चै जिज्ञासा सिर्जना गरेकै थियो ।

'निताजी हिजो कुन गाडीमा आउनुभयो ? हामी पनि हिजै आयौं तर बाटोमा कतै भेटिएन त ?' मैले कुरा निकालें ।

'बसमा आएको, म राकममा एकछिन भुलें । अलि राति नै आइपुगें ।' उनी हामीभन्दा पछि आइपुगिछन् । धत्तेरी हामी के हतारिएर हिँडेको होला भन्ने लाग्यो । निताजी के गर्नहुन्छ भनेर सोधौं भने उनको होटलमा उनले नै खुवाएको खाना खाएको तर फेरि यो पत्रकारहरूको कार्यक्रममा उनको उपस्थितिले मनमा प्रशस्त जिज्ञासा उब्जाएकै थियो ।

मैले अर्को प्रश्न सोधें- 'भेरी नदीको फेरी सधैं वर्षामा बन्द हुन्छ होला हैन निताजी ? जाजरकोटलाई जोड्ने भेरी नदीको पुल अब अर्को वर्षसम्ममा त बन्छ होला हगि?'

'एघार वर्षदेखि हरेक अर्को वर्ष पुल बन्छ भन्ने आशामा बसेका छन्पुरा जाजरकोटवासी, भेरीको पुल बर्न्ला र निर्वाध रुपमा गाडी सञ्चालन होला भन्दै कुर्ने यहाँका बासिन्दाको नियति नै भैसकेको छ । यहाँबाट डाइरेक्ट काठमाडौं नाइट गाडी छुटाउने अनि त्यो गाडीमा काठमाडौं पुग्ने सपना बोकेका जाजरकोटबासीहरू हरेक वर्ष राकम जान्छन्, आधा मात्र बनेको पुल हेर्छन् अनि घुटुक्क थुक निल्दै अर्को वर्ष त पक्कै बन्छ भन्ने आशाका साथ फर्कन्छन् । एघार वर्ष यसैगरी बित्यो अरु थप कति वर्ष बित्ने हो थाहा छैन' फेरि सहज तर व्यङ्ग्यात्मक मुस्कान निकाल्दै भनिन् उनले । उनको कुराले म अचम्ममा परें ।

जाजरकोटबाट फर्किएको रात हामी उनकै होटलमा बस्यौं । मैले साँझ पख मेरो मोवाइलबाट एउटा म्यासेज पठाएँ । 'निताजी तपाईंसँगको भेटघाट रमाइलो भयो । हाम्रो कार्य क्षेत्र सायद एउटै भएकोले होला तपाईंसँग नजिकिन समय नै लागेन ।' म्यासेजको रिप्लाई नआउन पनि सक्थ्यो । तर आउला भन्ने आशामा आँखाहरू मोवाइलको स्किनमा एकटक लगाएर हेरिरहेका थिए । म्यासेज आएन, साँझ बित्यो, खाना खाने समय भयो । साहुनीले खाना लगाइन्, तर म्यासेज आएन ।

रातको करिब १ बजेको हुदों हो । हल्लाखल्लाको बीच नारी रोदन प्रस्ट हाम्रो कोठासम्म सुनिन्थ्यो । सुरज र म त्यहीतर्फ लाग्यौं । हाम्रो होटलको भान्सासँगैको कोठाबाट आवाज आइरहेको थियो । कोठाभित्रको रोदन, चित्कार कसैको हैन, निताको थियो । निताासँग म केही नजिक भैसकेको थिएँ सायद उनको पीडा र रुवाईले मलाई पनि विचलित बनायो । आफैंलाई दुखेझैं भयो । 'निताजी के भयो ?' मैले सोधें निता बोल्न सक्ने अवस्थामा थिइनन् । साहुनीले जवाफ दिइन् ।

'हेर्नोस् न बाबु यसलाई कहिलेकाँही यस्तै टाउको दुख्छ सहनै सक्दिन, आज पनि एक्कासि दुखिहाल्यो, कम नै हुँदैन ।' यो राति हुँदो कहाँ लानु, गाउँमा सानो मेडिकल पसलमात्रै छ, डाक्टर छैनन्, साह्रै गाह्रो भो यसलाई 'निताको टाउको सुम्सुम्याउँदै थिइन् साहुनीले ।

'निताजी पहिला पनि दुख्थ्यो ?' सुरजले प्रश्न गऱ्यो । म त स्तब्ध थिएँ, उनको पीडा अनि रुवाईले स्तब्ध । 'मलाई माइग्रेन हेडेक हुन्छ यसरी दुखेपछि पेन किलर इन्जेक्शन नै लगाउनु पर्छ अनि बल्ल कम हुन्छ ।' उनको अनुहार दुखाइले थोरै सुन्निएको थियो । रुन्चे स्वर निकालिन् । मैले साहुनीलाई सोधें 'यहाँ नजिक हस्पिटल कहाँ छ ?' 'सुर्खेतमा छ ।'

'निताजी सुर्खेत जाउँ ।' उनको आवाज पूरा नसकिँदै मैले भनें । मैले हाम्रो गाडीको स्टेरिङ्ग समातें, साहुनीले निताालाई लिएर पछाडिको सिटमा बसिन् अनि सुरज अगाडिको सिटमा । मैले भएभरको सीप प्रयोग गरेर गाडी चलाएँ । हामी करिब २ घन्टामा सुर्खेत आइपुग्यौं । माया नर्सिङ्ग होम सुर्खेतमा आकस्मिक सेवा पनि थियो । उनलाई पेनकिलर दिएपछि पीडा कम भएछ, उनका आँखा लोलाए, उनी निदाइन् । म र सुरज बाहिर बसिरहेका थियौं । मेरो मोवाइलमा म्यासेज आयो । म्यासेज निताको थियो । 'धन्यवाद । तपाईंको सहयोगको लागि, मलाई पीडामुक्त गराउन ठूलै सहयोग गरिदिनुभयो, तपाईंको सहयोग र तपाईंलाई बिर्सन सक्दिनँ ।

म्यासेजले त्यो गर्मीको मौसममा शीतलता थप्यो, रमाइलो मान्यो मनले, रिप्लाई गरें, 'मलाई टाढा नमान्नुस्, म तपाईंको साथी हुन पक्कै लायक छु ।' उताबाट रिप्लाई आयो 'मेरो भाग्य ।'

बिहानपख हामी सल्लिबजार फर्कियौं । निताको टाउको दुखाई पनि कम भैसकेको थियो । हामी केही हप्ता त्यहीं बस्ने भयौं । निता अब खुलेर बोल्न थालिसकेकी थिइन् । उनी र म बिशेष नजिक थियौं । बेलाबखतमा सँगै र नजिक हुँदा पनि हामी मोबाइलको सहयोगले म्यासेजमार्फत् कुरा गर्थ्यौं । मैले एक दिन जिस्क्याएर मेसेज गरेको थिएँ । 'निताजी तपाईं सुन्दर हुनुहुन्छ, सुन्दरता हेर्नेको आँखामा हुन्छ भन्थे तर हैन रहेछ सुन्दरता त आँखाको ओजमा, मुहारको तेजमा अनि मुस्कानको गहिराइमा हुँदोरहेछ ।'

उताबाट उस्तै रिप्लाई आयो । 'स्टुपिड, म सुन्दर छैन । तपाईंको म्यासेजले चाँहि सुन्दर बनाएको हो ।'

काठमाडौं फर्कने दिन हामीलाई विदाई गर्न हाम्रो उपभोक्ता समितिका सबै सदस्य उपस्थित थिए । त्यसको बीचमा निता नियाउरो मुख लगाएर उभिएकी थिइन् । सबै जना हाम्रो योजनामा विश्वस्त थिए । त्यो गाउँका मानिसलाई स्वच्छ पानी प्रदान गर्ने त्यो ठूलो संकल्पमा हामी सफल हुन् नै थियो अनि सम्पूर्ण बिदाइमा आएका मानिसहरूको आँखामा स्वच्छ पानी पिउने सपना सजिएको थियो । सपनाहरू सजिएका आँखाहरूले भन्दैथिए, 'सम्भव, सुरज, तिमीहरू फर्केर आऊ है, हामीहरूलाई सपना बाँडेर, अधुरो बनाइ फेरि आफ्नै संसारमा नहराऊ है । ती सपनाको बीच सायद एउटा अर्को सपना थियो निताको । भीडको बीचबाटै थोरै अगाडि आएर आफ्ना काँपिरहेका सुन्दर तर भावुक ओठहरूबाट मतिर हेर्दै आवाज निकालिन्, 'छिटो आउनुस् है, कुरी बस्छु ।' मैले प्रतिउत्तरमा केही भन्नै सकिन । मुखबाट आवाज निस्किएन । बरु आँखाबाट आँसु पो निस्कियो । गरम टाउको हल्लाउँदै 'हुन्छ' को जवाफ दिएँ ।

हामी काठमाडौं आइपुग्यौं । काठमाडौंमा हामीलाई धेरैले सहयोग गर्नुभयो । हाम्रो उद्देश्यको लागि पुग्ने आर्थिक स्रोतको जगेर्ना गरेर हामी पश्चिम जाने तयारीमा जुटयौं । भोलिपल्ट हिंड्नु थियो । निताासँग कुरा नभएको पनि धेरै भएको थियो । काठमाडौं फर्केर आएपछि निताासँग लगभग कुरा भएको नै थिएन, त्यसैले पनि उनलाई भेट्ने कल्पना मात्रले पनि म उत्साहित भएथें । लगेजहरू तयार भए, हिंड्ने तयारी भयो ।

एकाएक मोवाइमा म्यासेज आयो, हेरें म्यासेज निताको रहेछ । उत्साहित भएर पढें । लेखिएको थियो 'सम्भव हामीले दुःखसुखका कुरा धेरै बाँडेका थियौं, तपाईं मेरो नजीकको साथी हुनुहुन्छ । त्यसैले बताउँदैछु । मेरो भोलि विवाह छ, तपाईंहरू फर्केर आउँदा म सायद सल्लिबजारमा भेटिन्न होला, म नभए पनि हाम्रो उद्देश्य पूरा गरिदिनु होला बाइ बाइ ।'

निताले अगाडिका म्यासेजहरूमा सधै फेरि भेटौंला लेखेकी हुन्थिन् । 'बाई बाई हैन, फेरि भेटौंला भन्नुपर्छ किनकी हामी फेरि भेट्नेछौं' । यो उनको भनाइ थियो । मैले उनको म्यासेजको रिप्लाई लेखें । 'अल द बेस्ट, राम्रो जीवन साथीको लागि बधाई अनि सुखमय जीवनको लागि शुभकामना ।' यति लेख्दा आँखाहरू पुरै भिजेका थिए । भिजेका आँखाले सुरजलाई पनि प्रस्ट देखेनन्, उतिर नहेरिकनै उसलाई आफनो मोवाइल दिँदै भने 'सुरज म अब सल्लिबजार जाँदिन, तिमी एक्लै जाऊ । तर हाम्रो उद्देश्य पूरा गरेर आउनुपर्छ तिमीले ।' ऊ केही नबोली मेरो मोवाइल हेर्दै बसिरह्यो ।

नियात्रा

स्मृतिको क्यानभासमा नयाँ रङ–६ (३)

✍ **रामप्रसाद पन्त**

हिमाचल प्रदेश विश्वविद्यालय भेटियो बाटैमा, आर्मी क्याम्प देखियो बाटैमुनि । एउटा अनौठो दृश्य देखियो बाटो छेवैमा, जहाँ भत्केर खण्डहर भएको पुरानो शैलीको घर छ र त्यस घरको मूलद्वारमा लेखिएको छ– रामकृष्ण एण्ड सन्स प्रालिको प्रोपर्टी । अर्थात् त्यो घर निजी क्षेत्रको सामूहिक सम्पत्ति रहेछ र त्यो त्यसै अनुरुप पुनर्निर्माण हुनका लागि प्रतीक्षाको घडीमा रहेछ ।

हामी अझ अगाडि बढ्यौं । बाटोमा फिँजाएर राखिएका पत्रिकाहरू माथि दृष्टि फ्याँक्यौं – आपका फैसला, अमर उजाला, दैनिक सवेरा, दैनिक जागरण, पन्जाब केशरी आदि दैनिक समाचारपत्रहरू रहेछन् । तर ठूलो आकारका, धेरै पेजका पत्रिकाहरू भने त्यहाँ देखिएनन् । देहरादूनमा कार्यक्रम भएको अर्को दिन पत्रपत्रिकाहरू हेर्ने आतुरता भएजस्तो आज हामीलाई ती पत्रिकाहरू हेर्ने कुतूहलता थिएन । किनभने देहरादूनमा जस्तो साहित्यिक सरोकारको समाचार दिन सकिने काम सिमलामा गरिएको थिएन । जे थिए, जगदीशलाई केन्द्रविन्दुमा राखेर सम्पन्न गरिएका साहित्यिक विमर्शहरू थिए ।

हामीले गरेको रिज (पहाडी शृङ्खला)को यात्रा काली मन्दिरमा पुगेर सकियो । बाटो ओरालो लागेपछि हामी फर्कियौं– गएकै पाइला मेट्दै क्याडल प्वाइन्टसम्म ।

त्यहाँबाट ओर्लियौं हामी लावेर बजारतिर । सर्वप्रथम हामी यौटा साइबरमा छिरेर वाइफाइबाट देहरादून र सिमलाका साहित्यक समाचारहरू पठायौं– नेपाली मिडियाहरूमा प्रकाशन/प्रशारण गर्नका लागि । हामीले एसएमएस पनि गऱ्यौं र रिचार्ज कार्ड हालेर फोन पनि गऱ्यौं– मिडियाका साथीहरूलाई ।

केही बेर हामी त्यसमुनिको लकरबजारमा ओर्लेर पनि घुम्यौं र केही सामान खरिद गऱ्यौं । डाँडाको पाखोमा घनिभूत भएर बसेको बजारमा सिँढी ओर्लेर तल्लो खण्डमा र सिँढी उक्लेर माथिल्लो खण्डमा जाने क्रम चलि नै रह्यो । सिमलाको पर्यटकीय बजारको सफाइ र त्यहाँको बजार व्यवस्थापन बारे त के वर्णन गरिरहन पर्ला र !

बाटोमुनिको पाखोमा फुलाइएका फूल, सजाइएको सांस्कृतिक झाँकी र स्वच्छ तथा सुन्दर बाटो देखेर हामी मोहित हुँदै थियौं । बजारमा स्वतन्त्र विचरण गरिरहेका पुरुष र महिलाहरूलाई देखेर मेरो मनमस्तिष्कमा केही जिज्ञासाहरू उद्गमित हुँदै थिए । सामान्य कुर्तासुरुवाल लगाएका युवतीहरू र ब्लाउज साडीमा सजिएका प्रौढाहरू प्रायः नाकमा फुली लगाएका नेपाली अनुहारका



प्रतित हुन्थे तर पुरुष वर्गहरू त्यस अनुरुप लाग्दैनथे । सुन्थें, उनीहरूका बोलीहरू । कुमाउ गडवालीहरूसँग सङ्गत गरेको नाताले म स्पष्ट बुझ्दथें, उनीहरू प्रायः गडवाली भाषा बोल्दै थिए ।

कुमाउ गडवाल उत्तराखण्डमा पर्ने भए पनि हिमाचलसँग सान्निध्य भएकोले उनीहरूको आंशिक बजार सिमला पनि हुँदो रहेछ । तर सिमलामा नेपालीभाषीहरू हातमा गन्न सकिने मात्र रहेछन् । बजारमा घुम्दा कतै पनि भेटिएनन् नेपाली अनुहार । त्यसै भएर होला, जगदीश राणा भन्दै हुनुहुन्थ्यो–

'माग्नेलाई दिन्छु नभन्नू,
राँडीलाई लैजान्छु नभन्नू,
सिमला आउँछु नभन्नू ।'

नेपाली भेट्न पाउँदा दङ्ग पर्ने जगदीश शम्सेर राणाले यो तेस्रो उखान किन थप्नुभएको रहेछ भने सिमला घुम्न जाने नेपालीको सङ्ख्या न्युन हुँदो रहेछ । त्यसै कारण कसैले सिमला आउँछु भन्यो भने त्यो मानिस कहिले आउला र दुई चार दिन सँगै बस्न पाइएला भनेर चिन्तामग्न हुनुहुँदो रहेछ ।

हामीले फेरि आउँछौं भन्दा उहाँले यो उखान प्रयोग गर्नुभएको थियो । तर कतिपय उखानहरू समयसँग असान्दर्भिक हुँदै गएका छन् । भानुभक्तको युग एउटा थियो– हाँस्ने युवती वेश्या ठहरिन्थे । सतीप्रथाको युग अर्को थियो– पतिविहीन भएपछि जिउँदै जलाइन्थे । ती युगका प्रचलनहरू अब पाच्य हुन सक्तैनन् । अहिलेका देउकी, झुमा, कुमारी र छाउपडी प्रथाहरू पनि सुधारोन्मुख हुँदै गएका छन् । त्यसैले राणाले प्रयोग गर्नुभएको दोस्रो उखान पनि अबको सन्दर्भमा अपाच्य भइसकेको छ ।

यी थिए प्रसङ्गवश आएका कुरा ।

अहिले भने हामी सिमलाको उपल्लो बजार लावेरको अवलोकनमा छौं । जगदीशको भनाइ सम्झँदै थिएँ म । साँच्चिकै राणाले भनेजस्तै सामाजिक प्रतिष्ठा प्राप्त नेपाली सिमलामा रहेनछ । केही मजदुर, केही चौकीदार र केही वेटरहरू मात्र ।

सिमला त पहाडकी रानी ! पर्यटकीय नगरी ! गरिब गुरुवा बस्ने ठाउँ कहाँ हो र सिमला ?सिमला त डलर फल्ने ठाउँ पो त ! त्यहाँ त भारतीय सिने जगतका ख्यातिप्राप्त नायिका प्रीति जिन्टा, बहिदारहमानका घरमात्र अट्दा रहेछन् । अर्बपति उद्योगी र व्यवसायीहरूका घरहरूले मात्र ठाउँ पाउँदा रहेछन् । जुन ठाउँमा एउटा उच्च वर्गीयनेपाली राणा परिवारले आफ्नो आत्मसम्मान र स्वाभिमान जोगाएर बसेको छ । यसर्थमा खुसी लाग्यो जगदीश शम्सेर राणाको आप्रवासन ।

सिमला हिमाचल राज्यको राजधानी त हुँदै हो, अर्को एउटा अचम्मको कुरासिमला बाँदर र कुकुरको पनि त राजधानी रहेछ । त्यसै भन्दा रहेछन् भुक्तभोगीहरू । बाटाबाटामा कुकुरहरूकोझुन्ड र बाँदरहरूको बथान देखेर मैले प्रश्न गरेको थिएँ र पो उत्तर पाएको थिएँ– बाँदर र कुकुरको राजधानी सिमला ।

हामीबीच विचार विमर्श पनि हुँदै थियो– जगदीश शम्सेर राणा हामीलाई यति बेरसम्म नदेखेर छटपटाइरहनुभएको होला ! अटेसमटेस भई थुप्रिएका कुराहरू सुनाउन नपाएर अधीर भइरहनुभएको होला ! म जगदीश राणाको अन्तर्कथा बुझ्दै थिएँ र यहाँ बस्दासम्म उहाँका पूर्वस्मृति र अनुभवहरू सुन्नु आफ्ना लागि पनि शिक्षाप्रद र राणाका लागि पनि मन हलुका बनाउने माध्यम हो भन्ने कुरा अनुभूत गर्दै थिएँ । त्यसैले साथीहरूलाई भन्दै थिएँ– चाँडोगरी जाऔं र राणाभित्र उत्साह भरौं ।

उक्लिदै थियौं,बाटो छेउकै बाटिकामा घोडासवार एउटा भव्य मूर्ति देखियो । वाह ! कसको होला यो वीरत्वशाली दिव्य मूर्ति ? हतारिँदै थिएँ, राणाको एकान्तपनमा उन्मुक्तता थप्न तर साथीहरूलाई मैले नै रोकें यो भव्य मूर्तिसँग परिचय नगरी जानुहुन्न भनेर ।

काठमाडौंको टुँडिखेलको चौकुनामा सीमित हुन पुगेका राणाका मूर्तिहरूभन्दा फरक थियो त्यो मूर्ति । बच्चा पिठ्युँमा थियो र नारी अनुहारको झलक आउँदै थियो । अनुमान लगाउन गाह्रो परेन मलाई । शङ्का रहेन मूर्तिप्रति । मैले बरैबाट पहिचान गरें । त्यो मूर्ति, झाँसीकी रानीको बाहेक अर्को हुन सक्तैन ।

सामीप्य भइसकेपछि तलपट्टि शिलालेखमा स्पष्ट अक्षराङ्कन भएको देखियो–

(क्रमशः)

समय अनुकूल पद्धति र प्रविधि उन्मुख नवीन परम्पराको थालनी गरिने - प्रहरी महानिरीक्षक सिंह

काठमाडौं । प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले प्रहरी संगठनका असल अभ्यासहरूलाई निरन्तरता दिँदै समय अनुकूल पद्धति र प्रविधि उन्मुख नवीन परम्पराको थालनी गरिने बताउनुभएको छ । नैतिक आचरणयुक्त प्रहरी व्यावसायिकता अभिवृद्धि र अपराध अनुसन्धानमा वैज्ञानिकीकरणका साथै सुशासन प्रवर्धन गर्न कार्यविधि तथा मापदण्ड निर्माण, आर्थिक पारदर्शिता कायम र प्रहरी जवाफदेहिता सुनिश्चित गर्न विशेष पहल हुनेमा उहाँले जोड दिनुभएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित विशेष समारोहबीच प्रहरी अधिकृत तथा जवानहरूलाई निर्देशन सम्बोधनका क्रममा प्रहरी महानिरीक्षक सिंहले प्रहरी संगठनको श्रीवृद्धिमा जोड दिँदै उक्त कुरा बताउनुभएको हो ।

आसन्न स्थानीय तहको निर्वाचन अहिले राष्ट्रिय प्राथमिकताको विषय भएको उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले निर्वाचनलाई निष्पक्ष, भयरहित एवम् सुरक्षित तवरबाट सम्पन्न गर्न उच्च सतर्कता, संवेदनशीलता र महत्वका साथ सफलतापूर्वक सम्पादन गर्न उपस्थित प्रहरी अधिकृत तथा जवानहरूलाई निर्देशन दिनुभयो ।

कुनै पनि व्यक्ति वा संगठन आलोचना मुक्त नहुने बताउँदै प्रहरी महानिरीक्षक सिंहले भन्नुभयो, 'नेपाल प्रहरी र यसमा आवद्ध सकल दर्जा त झन् नागरिक जीवनको एक अभिन्न हिस्सा भएकोले हाम्रो हरेक क्रियाकलाप माथि नागरिकहरूले सुक्ष्म निगरानी राख्नु अस्वाभाविक ठान्दिन । मेरो मान्यता भनेको गुनासो र आलोचनालाई स्वीकार गर्नुपर्दछ र त्यसको उचित सम्बोधन गर्नुपर्दछ भन्ने हो । गुनासो र आलोचना उसैको हुन्छ, जसप्रति आशा र विश्वास जोडिएको हुन्छ ।'

नेपाल प्रहरीको आधार भन्नु नै नागरिक विश्वास र भरोसा भएको चर्चा गर्दै प्रहरी महानिरीक्षक सिंहले समाज र राष्ट्रको हित र सुरक्षाका खाँतिर संगठन र यसमा आवद्ध सकल दर्जाका प्रहरी कर्मचारीहरूले कानूनी राज्यको मान्यता अनुरुप निष्पक्ष एवम् व्यावसायिक प्रहरी सेवा प्रवाह गर्न र कुनै प्रकारको सम्झौता नगर्न निर्देशन दिनुभयो । व्यक्तिगत स्वार्थ त्यागी निर्भिकताका साथ आ-आफ्नो व्यावसायिक धर्म निर्वाह गर्न सम्पूर्ण अधिकृत तथा जवानहरूलाई उहाँले निर्देशन दिनुभयो ।

गैर व्यावसायिक आचरण र व्यवहार किञ्चित सह्य र क्षम्य नहुने बताउँदै प्रहरी महानिरीक्षक सिंहले भन्नुभयो, 'कानून सम्मत जिम्मेवारी बहन गर्ने सिलसिलामा कुनै अधिकृत तथा जवानहरूबाट अकर्मण्यता, लापरवाही र उदासीनता हुनेछैन ।' भष्ट्राचारमा शून्य सहनशीलता अवलम्बन गर्नुका साथै चोरी निकासी गर्ने, प्राकृतिक स्रोतको दोहन गर्ने तथा अन्य आपराधिक कार्यमा संलग्न हुने तत्वहरूसँगको साठगाँठ एवम् अवाञ्छित क्रियाकलापमा संलग्न रहने, प्रश्रय

किन विघटन भयो शक्तिशाली सोभियत संघ ?

विष्णु भट्टराई

सोभियत संघ स्थापनाको सुरुवाती चरण सन् १९१७ लाई मानिन्छ। जुनबेला रुसमा बोल्सेभिक पार्टीको नेतृत्वमा अक्टोबर क्रान्ति सम्पन्न भएको थियो। सो क्रान्तिले जार निकोलास द्वितीयको सत्तालाई पल्टाएर कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार बनेको थियो। सन् १९२२ मा लेनिनको नेतृत्वमा छिमेकी १५ राज्यहरू मिलेर सोभियत समाजवादी गणतन्त्रहरूको संघ (यूएसएसआर) बन्यो। यसमा रुस, जर्जिया, युक्रेन, माल्डोभा, बेलारुस, आर्मेनिया, अजरबैजान, काजकस्तान, उज्बेकिस्तान, तुर्कमेनिस्तान, कीर्गिजस्तान, ताजिकिस्तान, इस्टोनिया, लाट्भिया, र लिथुवानिया थिए। यस्ता जटिल र विविध देशलाई मिलाएर एक ठाउँमा ल्याउनु कठिन कार्य थियो। सोभियत संघको संसद् थियो, जसलाई 'सुप्रिम सोभियत' भनिन्थ्यो। सोभियत संघका अन्तिम राष्ट्रपति मिखाइल गोर्बाचोभ यही सुप्रिम सोभियतको अध्यक्ष हुँदै राष्ट्रपतिसम्म बनेका थिए। तर, सबै निर्णय कम्युनिस्ट पार्टीले नै गर्दथ्यो। देशको प्रमुख चयन गर्नेदेखि हरेक निर्णयमा पार्टीको पोलिटब्युरोको निर्णायक भूमिका हुने गर्दथ्यो। लेनिन र स्टालिनको समयदेखि राजनीति, अर्थव्यवस्था लगायतका क्षेत्रमा केन्द्र सरकारको नियन्त्रण कायम थियो।

राष्ट्रपति गोर्बाचोभ क्रिमिया र फारोसमा छुट्टी मनाइरहेका दिनलाई

'युनियन अफ सोभियत सोसलिस्ट रिपब्लिक' अर्थात् सोभियत समाजवादी गणतन्त्रहरूको संघ विघटन गराउने दुःखद दिनको रूपमा पूर्व सोभियत नागरिकहरूले सम्झने गर्छन्। रुसी सत्तामा चलेको अस्वस्थ संघर्षको परिणाम १५ वटा देशहरूको समूह सोभियत संघको रातारात विघटन हुन पुग्यो। १९ अगस्टको घटना परिस्थितिवश असफल भए पनि सोभियत संघको विघटनलाई रोक्न भने सकेन। २०औं शताब्दीमा इतिहास, अर्थव्यवस्था, विचारधारात्मक तथा प्राविधिक रूपमा धेरै अघि बढिसकेको सोभियत संघ कसरी रातारात टुक्राटुक्रा हुन पुग्यो, यो आश्चर्यको विषय मात्रै होइन, राजनीति शास्त्रका विद्यार्थी, विश्व समुदायका लागि एउटा शिक्षा र खोजको विषय पनि हो।

सन् १९१७ मा रुसी साम्यवादी क्रान्ति सम्पन्न भएपछि जन्मिएको सोभियत संघमा कम्तीमा सयवटा राष्ट्रियता र पृथ्वीको छ भागको एक भाग जमिन अटाउँथ्यो। सोभियत संघ एउटा यस्तो साम्राज्य हो, जसले हिटलरलाई परास्त गऱ्यो, अमेरिकासँग शीत युद्ध गऱ्यो र परमाणु होडमा आफूलाई अब्बल बनाउँदै भियतनाम र क्युबाको क्रान्तिमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो।

सोभियत संघले नै अन्तरिक्षमा पहिलो उपग्रह पठायो र पहिलो अन्तरिक्ष यात्री युरी गागरिन पनि सोभियत संघकै थिए। अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापक तथा सोभियत नीतिका जानकार आर्ची ब्राउन भन्छन्, 'जुन तीव्रतामा सोभियत संघको विघटन भयो, त्यो पनि एकै रातमा, यो वास्तवमै सबैलाई चकित पार्ने घटना थियो।'

सोभियतको अर्थव्यवस्था कार्ल मार्क्सको सिद्धान्तबाट प्रेरित थियो, जो उत्पादन, वितरण र वैकल्पिक संसाधन समाजको सम्पत्ति मानिन्थ्यो। सोभियतको अधिकतर जनसंख्या उद्योग र कृषि कार्यमा संलग्न थियो। यद्यपि, अर्थव्यवस्था तीव्र रूपमा अमेरिकाको भन्दा पछि धकेलिन थाल्यो र सन् १९८० को दशकमा सोभियत संघको जीडीपी अमेरिकाको भन्दा आधा हुन पुग्यो। सोभियत संघले अमेरिका र पश्चिमा राष्ट्रसँग सैन्य शक्तिदेखि अन्तरिक्ष अभियानसमेतमा प्रतिस्पर्धा गऱ्यो। तर, जनताकेन्द्रित आर्थिक गतिविधिको अभावमा जनताका लागि अति आवश्यक उपभोग्य सामग्रीको अभावको सामना गर्नुपरेपछि जनतामा निराशा पैदा गऱ्यो। गोर्बाचोभ राष्ट्रपति बन्नुभन्दा अघि नै सोभियत संघको आर्थिक सूचक धेरै ओरालो झरिसकेको थियो। सोही कारण यथास्थितिमा राज्य व्यवस्था र अर्थतन्त्रलाई अघि बढाउन नसकिने निष्कर्षसहित ग्लासनस्त र पेरेस्त्रोइका नामका सुधारवादी नीतिहरू उनले ल्याए।

यसले सोभियत संघमा ७० वर्षदेखिको राज्य नियन्त्रित अर्थव्यवस्थालाई केही खुकुलो पाऱ्यो। गोर्बाचोभले यसबाट निजी क्षेत्रलाई फाइदा हुने, लगानी बढ्ने सोचेका थिए। उनले मजदुरहरूलाई हड् ताल गर्ने अधिकार दिए, ताकी उनीहरूले राम्रो तलब र कामको माग गर्न सकून्। खुल्लापन र पारदर्शिता अपनाउने कोसिस भयो।

७० वर्षदेखि राज्यको नियन्त्रणमा रहेका सोभियत संघका जनता र संघहरूले सुधार र स्वाधीनताको माग गरे। सोही क्रममा लिथुवानिया, जर्जियालगायतका सोभियत राज्यहरूमा जुलुस मात्रै निस्किएन केन्द्रको निर्देशनको उल्लंघन गर्ने कामको सुरुवात लिथुवानियाबाट भयो। संघीय राज्यहरूमा खटपट चलिरहेकै बेला सोभियत कम्युनिस्ट पार्टीको जुलाई १९९० मा २८औं अर्थात् अन्तिम महाधिवेशन भयो। जसमा पार्टी महासचिव तथा राष्ट्रपति गोर्बाचोभको सुधारवादी नीतिको कडा आलोचना भयो भने केहीले कम्युनिस्ट पार्टी परित्याग नै गरे।

वास्तवमा अमेरिकाको चाहना पनि सोभियत संघको विघटन नै थियो। २१ डिसेम्बर १९९१ मा रुसी टेलिभिजनमा साँझको बुलेटिनको सुरुवातमा नाटकीय घोषणा भयो, 'गुड इभिनिङ, अब सोभियत संघको अस्तित्व रहेन।' त्यसअघि नै संघीय राष्ट्रहरूबीच मिखाइल गोर्बाचोभलाई 'बाइपास' गरेर अघि जाने सहमति भइसकेको थियो। जसमा रुस, बेलारुस र युक्रेन सामेल थिए।

२५ डिसेम्बर १९९१ मा मिखाइल गोर्बाचोभले सोभियत संघको राष्ट्रपतिको पदबाट राजीनामाको घोषणा गरेपछि क्रेमलिनमा सोभियत संघको झन्डा औपचारिक रूपमा झुक्यो। गोर्बाचोभ बताउँछन्, 'हामी गृहयुद्धतर्फ बढी बढिसकेका थियौं, म त्यसबाट बचाउन चाहन्थें। जनताहरू बाँडिएका थिए, देशमा संघर्षको स्थिति थियो, हतियारको बाढी आएको थियो। यिनीहरूमा परमाणु हतियार पनि थिए। धेरै जनताको ज्यान जान सक्दथ्यो, ठूलो बर्बादी हुने थियो। मैले सत्तामा रहेर सबैकुरा भएको देख्न सक्दिन थिएँ, राजीनामा दिनु मेरो जीत थियो।'

आफ्नो राजीनामामा मिखाइल गोर्बाचोभले दाबी गरेका छन्, उनको सुधार कार्यक्रमका कारण समाजलाई स्वतन्त्रता मिलेको थियो। २५ वर्षपछि आजको रुसमा के स्वतन्त्रता खतरामा परेको छ ? उनी भन्छन्, 'यो प्रक्रिया अझै पूरा भएको छैन। हामीले यसबारेमा खुलेर कुराकानी गर्नुपर्ने आवश्यकता छ। केही यस्ता व्यक्ति छन्, जो स्वतन्त्रताबाट चिढिएका छन्। यसलाई लिएर उनीहरू राम्रो महसुस गरिरहेका छैनन्।' अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनसँग मिखाइल गोर्बाचोभको न्यानो सम्बन्धका कारण शीत युद्धको अन्त्य भयो। पश्चिममा केही मानिसले अझै पनि गोर्बाचोभलाई महान् व्यक्तिको रूपमा लिन्छन्। तर, सोभियत संघको पक्षमा रहेका जनताले भने उनलाई आफ्नो साम्राज्य गुमाउने नेताका रूपमा लिन्छन्।

सोभियत संघमा शिक्षा दीक्षाको राम्रो व्यवस्थासँगै विस्तारै-विस्तारै अन्य देशसँग जोडिन लागेको प्रतिबन्ध खुकुलो भयो र जनताहरू संसारबारे जानकारी लिन थाले। विस्तारै शिक्षित समुदायका व्यक्तिले सामाजिक समूहहरू बनाउन थाले र तिनीहरू प्रभावशाली भए। उनीहरू गोर्भाचोभ आर्थिक सुधारका हिमायती भए, जसको घोषणा ९० को दशकमा भयो।

प्राध्यापक ब्राउनका अनुसार सोभियत संघको विघटनका कारण अरू पनि थिए, तर सबैभन्दा महत्वपूर्ण कारण गोर्बाचोभ आफैं हुन पुगे। उनी सत्तामा आउनुनै आफैंमा ठूलो कुरा थियो। उनी सत्तामा आएका थिए, सोभियत व्यवस्था बदल्नका लागि। तर, उनी आफैले सोभियत सत्ता विघटन भएको हेर्नुपऱ्यो। सन् १९८५ मा उनी कम्युनिस्ट पार्टीका महासचिव बने, र उनले सुधारका कार्यक्रम सुरु गरे, किनकि उनकासामु एक खराब अर्थव्यवस्था र अक्षम राजनीतिक ढाँचा विद्यमान थियो।

धेरै रासन खरिद गर्न जनताहरू लाइनमा लाग्नुपर्थ्यो। २५ डिसेम्बर, सन् १९९१ को रात गोर्बाचोभले राजीनामा दिए र भोलिपल्ट उनले त्यस दस्तावेजमा हस्ताक्षर गरे, जसले सोभियत संघका सबै अंगहरू औपचारिक रूपमा अलग भए। आर्ची ब्राउन भन्छन्, 'यो यसरी भएको होइन कि आर्थिक र राजनीतिक संकटका कारण उदारीकरण भयो र लोकतन्त्रको सुरु भयो। सोही उदारीकरण र लोकतान्त्रीकरणका कारण व्यवस्था संकटमा पुग्यो र सोभियत संघ टुक्रियो। गोर्बाचोभले आर्थिक सुधारको नीति नल्याएको भए आज पनि सोभियत संघ अस्तित्वमा हुन सक्ने सम्भावना रहन्थ्यो।'

पूर्वी युरोपका कतिपय देशहरूमा स्वतन्त्रताको लहर चलेको थियो। यसैलाई मध्यनजर गरेर सोभियत संघलाई भने टुक्रिनबाट बचाउन र संघीय गणराज्यबीच नयाँ सन्धी गराउन मार्च १९९१ मा जनमत संग्रह गराइयो। जसमा सोभियत समाजवादी गणतान्त्रिक संघको सट्टामा सोभियत सार्वभौम गणतान्त्रिक संघ रहने प्रस्ताव गरिएको थियो।

जनमत संग्रहबाट यो प्रस्ताव दुई तिहाइभन्दा बढी मतबाट अनुमोदित भयो। सो जनमत संग्रहलाई लिथुवानिया, लाट्भिया, इस्टोनिया, जर्जिया, आर्मेनिया र माल्डोभाले भने बहिस्कार गरेका थिए। जनमत संग्रहको परिणामस्वरूप त्यसमा भाग लिएका नौवटा राज्यका नेताहरूसँग राष्ट्रपति गोर्बाचोभले पटक पटक छलफल गरी २० अगस्ट १९९१ मा नयाँ सन्धिमा हस्ताक्षर गर्ने तय भएको थियो। यद्यपि, गोर्बाचोभको सुधारवादी नीतिलाई लिएर पार्टीका केही पोलिटब्युरो सदस्यहरू रुष्ट हुँदै आएका थिए। नयाँ सन्धिमा हस्ताक्षर गरेपछि सोभियत संघको अस्तित्व भेटिने देखेपछि गोर्बाचोभलाई नै अपदस्त गर्ने योजना बन्यो। यसमा उनकै नजिकका मित्रहरू सामेल थिए।

उपराष्ट्रपति गेन्नाडी येनाएभको नेतृत्वमा आपतकालीन राज्य समिति बनाइयो। यसमा प्रधानमन्त्री भ्यालेन्टिन पाभ्लोभ, रक्षामन्त्री मार्सल दिमित्री याजोभ, गृहमन्त्री बारिस पुगो, केजीभी प्रमुख भ्लादिमिर क्युर्चोकोभसमेत सामेल थिए। गोर्बाचोभकै नजिकका मित्र सुप्रिम सोभियतका सभामुख आनातोली लुकियालोभसहितको १९ सदस्यीय आपतकालीन समितिको बैठक बसेर सञ्चारमाध्यममार्फत भने गोर्बाचोभ गम्भीर बिरामी परेका कारण उनलाई पदमुक्त गरिएको सार्वजनिक गरियो। यद्यपि, उनीहरूको यो घोषणामा कुनै आत्मविश्वास नदेखिएपछि चौतर्फी विरोध भयो।

रुसमा २९ मे १९९० मा राष्ट्रप्रमुख बनेका बोरिस यल्तसिनले त्यसको कडा विरोध गर्दै पुरानो व्यवस्थामा फर्किन नसकिने घोषणा गरेपछि मस्कोका सडक प्रदर्शकारीले भरिए। आपतकालीन समितिको निर्देशनपछि सोभियत सेना अत्याधुनिक हतियारसहित सडकमा निस्किए पनि शान्तिपूर्ण जुलुसमाथि हस्तक्षेप गर्ने हिम्मत गरेन। यल्तसिनको आव्हानमा भएको प्रदर्शनपछि २१ अगस्ट १९९१ मा गोर्बाचोभ उनकै सहयोगमा क्रिमियाबाट मस्को फर्किए भने 'कु' को प्रयास पूर्ण रूपमा असफल भयो। 'कु' को प्रयास गर्ने सबैलाई पक्राउ गरियो भने योजनाकारमध्येका गोर्बाचोभकै गृहमन्त्री पुगोले आत्महत्या गरे।

यद्यपि, यो घटनाले गोर्बाचोभको सत्तालाई झनै कमजोर बनायो। उनीमाथि संघीय गणराज्यका नेताहरूले कट्टरपन्थीहरूले देशलाई पछि धकेल्न खोजेको, उनीहरूका सामु निरीह भएको, नयाँ संघीय सन्धिको औचित्य नभएको भन्दै धमाधम स्वतन्त्र भएको घोषणा गर्न थाले। सत्तापलटको प्रयास भएको भोलिपल्टै अर्थात् २० अगस्ट १९९१ मा नै इस्टोनियाले सोभियत संघबाट बाहिरिएको घोषणा गरिसकेको थियो। लिथुवानिया र ताट्भियाले १ वर्षअघि नै स्वतन्त्र भएको घोषणा गरिसकेका थिए। यद्यपि, इस्टोनिया, लाट्भिया र लिथुवानियाको सरकारले आफूहरू कहिल्यै पनि सोभियत संघको वैध सदस्य नभएको दाबी गर्छन्।

८ डिसेम्बर १९९१ मा युक्रेन, बेलारुस र रुसका राष्ट्रपतिले छुट्टै भेला गरे भने १२ डिसेम्बरमा रुसले र १६ डिसेम्बरमा काजकिस्तानले समेत सोभियत संघबाट अलग भएको घोषणा गरेपछि सोभियत संघ राष्ट्रविहीन हुन पुग्यो।

पूर्व सोभियत संघका लेखक अलेक्जेन्डर सोलजेनित्सिनको पुस्तक 'वान डे इन द लाइफ अफ इभान डेनिसोभिच' प्रकाशित भएको ५४ वर्ष पुगेको छ। सन् १९६२ मा प्रकाशित यो पुस्तकले सोभियत संघमा त्राही मच्चिएको थियो। जसमा स्टालिनविरुद्ध कैदी इभान डेनिसोभिचलाई पात्रको रूपमा राखेर जमेर प्रस्तुति दिइएको छ। स्टालिनको निधनको एक दशकपछि यो पुस्तक छपाउने निकिता ख्रुस्चेभले निर्णय गरेका थिए। यो किताब प्रकाशनपछि उनले राष्ट्रपतिको पदबाट हात धुनुपरेको थियो भने सन् १९७४ मा सोलजेनित्सिनलाई हिरासतमा लिइयो। यद्यपि, यो किताबले सोभियत संघको कम्युनिस्ट सरकारविरुद्ध जुन आगो लगाउनु थियो, त्यो लगाइसकेको थियो।

सन् १९२२ मा स्थापना भएको सोभियत संघ पनि एकैपटक ढल्ने अवस्थामा आइपुगेको नभएर यसका सञ्चालकहरूको कमजोरीले ढल्ने वातावरणको सिर्जना हुँदै गएको हो। लेनिनले सोभियत संघको स्थापनामा महत्वपूर्ण भूमिका खेले, तर त्यसलाई व्यवस्थित गर्न नपाउँदै उनको निधन भयो। त्यसपछि सत्तामा आएका स्टालिनले पार्टीभित्रकै खराब प्रवृत्ति र भर्खरै स्थापना भएको सोभियत संघलाई व्यवस्थित गर्न कोसिस गरे। सोभियत संघ आत्मनिर्णयको अधिकारको जगमा एकीकृत भएको थियो र सोही आधारमा विघटनसमेत हुन पुग्यो।

(एजेन्सीहरुको सहयोगमा)

रोचक

महिनावारीमा भएका बेला बिदा दिने यी देश

सिड्नीं। महिनावारीको पीडा केटीले मात्रै बुझ्न सक्छिन्। पेट दुख्ने, हिँड्न गाह्रो हुने र ढाड दुख्ने समस्या हुँदा अफिसमा काम गर्नु चुनौतीपूर्ण हुन्छ। तर पनि महिला कर्मचारीलाई महिनावारीको समयमा बिदा दिने कि नदिने भन्ने बहसको विषय बनेको छ। यद्यपि केही देशहरूमा भने यो धेरै पहिले सुरु भयो। महिलाहरूको महिनावारी हरेक महिना हुन्छ। यो समय उनीहरूका लागि कुनै पीडा भन्दा कम छैन। यही आवश्यकतालाई मध्यनजर गर्दै सन् १९४७ मा दोस्रो विश्वयुद्धपछि जापानले नयाँ श्रम कानूनमा अवधि बिदा समावेश गरेको थियो।

सन् १९२२ मा सोभियत संघले यसका लागि राष्ट्रिय नीति बनाएको थियो र त्यसयता केही क्षेत्रमा अवधि बिदा दिइएको थियो। एकै समयमा, यो १९४८ मा इन्डोनेसियामा सुरु भएको थियो। त्यसपछि धेरै देशले महिलाको पीडा बुझेर उनीहरूलाई बिदा दिने व्यवस्था गरे। अहिलेसम्म अष्ट्रेलिया, चीन, रुस, ताइवान, इङ् ल्यान्ड, दक्षिण कोरिया जस्ता देशले महिनावारीका लागि बिदा दिइरहेका छन्।

डल्फिनलाई पनि युद्धमा उतार्दै रूस

मस्को। विगत २ महिना देखी युक्रेनमा लगातार हमला गरिरहेको रुसले आफ्ना सेना मात्र नभएर डल्फिनलाई पनि युद्धमा उतारेको छ। रिपोर्टका अनुसार रुसले डल्फिनलाई सैन्य तालिम दिएर ब्ल्याक सी मा अवस्थित सैनिक अड्डाको जासुसीको लागि प्रयोग गरेको छ। अमेरिकाको युएस नेवल इन्स्टीचुटले निगरानीको लागि तैनाथ गराइएका डल्फिनको स्याटलाइट तस्बिर सार्वजनिक गर्दै यस कुराको खुलासा गरेको हो।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जानकारी गराए अनुसार रुसी नौसेनाले सेभास्टोपोल बन्दरगाहको प्रवेशद्वारमा डल्फिन राखेको छ। सेभास्टोपोलको बन्दरगाह क्रिमियन प्रायद्वीपको दक्षिणी छेउमा अवस्थित छ जुन रुसले २००४ मा कब्जा गरेको थियो।फेब्रुअरीमा युक्रेनमा आक्रमणको सुरुमा, रुसले डल्फिनका

दुई बटालियनहरूलाई आफ्नो नौ सैनिक आधारमा सारेको बताइएको छ।

जानकारीका अनुसार सैन्य तालिम लिएका यी डल्फिनले रुसी नौसेना बेसको प्रवेश बिन्दुको निगरानी गर्छन्। यस बिन्दुबाट कुनै पनि जहाज, पनडुब्बी वा युद्ध पोत रसिया प्रवेश गर्न सक्ने भएकाले डल्फिनको सुरक्षालाई रुसले अत्यधिक महत्त्वका साथ लिने गर्छ। डल्फिनले पानी भित्र दुस्मनको आवाज र दुरीलाई मापन गर्न सक्छन्।

रुसी सेनाले यस्तो प्रविधि विकास गरेको छ, जसको सहायताले डल्फिनको चाललाई संकेतमा परिणत गरिदिन्छ र सोही संकेतको आधारमा सेनाले दुस्मनको जानकारी प्राप्त गर्छन्।

डल्फिनलाई तालिम दिने रुस मात्र एक्लो राष्ट्र भने होइन। अमेरिका र युक्रेनले पनि पहिला डल्फिनलाई सैन्य तालिम दिने गरेको बताइन्छ। अन्तर्राष्ट्रिय सञ्चार माध्यम द गार्डियनका अनुसार सोभियत संघको बेलामा युक्रेनले पनि डल्फिनलाई सैन्य तालिम दिने गर्थ्यो।

प्रेरक

बालकको देशभक्ति

एकपटक स्वामी रामातीर्थ जापान पुगेका थिए। त्यहाँ उनको खुब सत्कार गरियो। भ्रमणका दौरान उनलाई एउटा स्कुलमा आमन्त्रित गरियो। स्कुल घुम्न गएका बेलामा के सोचेर हो कुन्नि स्वामी रामातीर्थले एकजना सानो विद्यार्थीसँग सोधे- तिमी कुन धर्म मान्छौं। बौद्ध धर्म- विद्यार्थीले गौरवसाथ जवाफ दिए। स्वामीले फेरि प्रश्न गरे- महात्मा बुद्धको बारेमा तिम्रो के विचार छ। एकछिन सोचेर ती विद्यार्थीले जवाफ दिए- बुद्ध त भगवान हुन्। यति भन्दै उसले मनमनै बुद्धको ध्यान गरेर आफ्नो देशको प्रथाअनुसार बुद्धलाई प्रणाम गऱ्यो। तब स्वामीले ती विद्यार्थीलाई फेरि सोधे- तिमीलाई कन्फ्युसियसबारे केही थाहा छ? विद्यार्थीले श्रद्धाभावले जवाफ दिए- कन्फ्युसियस एक महान सन्त थिए। उनले बुद्धलाई जसरी नै कन्फ्युसियसलाई पनि मनमनै ध्यान गरेर प्रणाम गरे। त्यसपछि स्वामीले मुस्कुराएर प्रश्न गरे- अब मेरो एउटा प्रश्न छ, यसको जवाफ देऊ। मान यदि कसैले तिम्रो देशमा आक्रमण गर्छ र त्यो आक्रमणकारीको सेनापति बुद्ध या कन्फ्युसियस हुन्छन् भने तिमी के गर्छौं। स्वामीले यति भन्नासाथ विद्यार्थीको अनुहार क्रोध र जोशको मिल्दोजुल्दो जोशले तम्तमायो। उनले कड्केर बोले- म आफ्नो तरबारले बुद्धको टाउको छिनाउनेछु र कन्फ्युसियसलाई लात हान्नेछु। स्वामी रामतीर्थ बालकको यो जवाफ सुनेर अत्यन्त प्रसन्न भए- उनले ती बालकलाई बोकेर उनको अनुहार चुम्दै भने- जुन देशको रक्षक तिमीजस्तो महान हुन्छ त्यो देशको कसैले केही बिगार्न सक्दैन।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

समय लागे पनि अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। बोलीको प्रभावले आर्थिक क्रियाकलापमा फाइदा दिलाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता हुन सक्छ।

वृष

आँटेको काम तत्काल बन्नेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीले साथ दिनेछन्। बिछोडिएका आफन्तसँग भेटघाट होला। पहिलेका कमजोरी सुधार्दै फाइदा उठाउने समय छ। पहिरनले व्यक्तित्व निखार्ने हुँदा आकर्षक भइनेछ।

मिथुन

कामबाट सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ। साथीभाइसँग असमझदारी बढ्ला। फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ। बेलामा होस नपुर्याउँदा अप्ठ्यारा चुनौती आउन सक्छन्। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। अनियन्त्रित खर्चले मन पिरोल्न सक्छ। धार्मिक कार्यमा सहभागी हुने अवसर मिल्नेछ। नयाँ काम मिल्नेछन्। गरेको काममा सफलता मिल्नेछ।

कर्कट

आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ। श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। आफ्नो प्रतिफल अरूलाई सुम्पनुपर्ने परिस्थिति समेत आउन सक्छ। राम्रै आम्दानी भए पनि परिस्थितिले खर्च गराउनेछ। सामान्य काममा पनि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। पछिका लागि गरिएको लगानीले भने फाइदा दिनेछ।

सिंह

आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। तारिफयोग्य कामले सामाजिक दायित्व दिलाउनेछ। विभिन्न भौतिक साधनहरू पनि जुटाउन सकिनेछ। सोचेको काम पूरा हुनेछ।

कन्या

श्रम परे पनि सोचेको मूल्य प्राप्त नहुन सक्छ। आफ्नो कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला। अस्वस्थताले काममा जुट्न नसकिएला। आफ्नो वस्तुमा अरूले दावी गर्न सक्छन्। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्न सक्छ। सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ।

तुला

समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ। कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। गोपनीयता बाहिरिनाले समस्या पर्ला। बाध्यात्मक परिस्थितिले सताउन सक्छ। अरूका काममा आफ्नो अमूल्य समय नष्ट हुन सक्छ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। यात्रा गर्दा ध्यान पुऱ्याउनुपर्नेछ।

वृश्चिक

व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ। भौतिक साधन जुट्नाले आम्दानी बढ्ने काम प्रारम्भ हुनेछ। प्रेमको बन्धन कसिनेछ भने अतिथिका रूपमा सत्कार प्राप्त हुनेछ। परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। व्यवसायको सन्दर्भमा यात्रा गर्नुपर्ला। मिहिनेतले नाम र दाम दिलाउनेछ। बोलीको प्रभाव पर्नेछ।

धनु

पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्य फाइदा उठाउन सकिनेछ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ। शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ।

मकर

अस्वस्थताले केही बाधा पुर्याउन सक्छ। अप्ठ्यारा परिस्थिति सुल्झाउन जुट्नुपर्ला। गुरुजनको सहयोग नजुट्न सक्छ। लक्ष्यअनुसार समयको उपयोग गर्न नसकिएला। सन्तान वा अनुयायीको सल्लाह, सहयोगले लाभ दिलाउनेछ। नयाँ योजना प्रारम्भ गर्न समय पर्खनुपर्ला। व्याहारिक अलमलले अध्ययनमा बाधा पुर्याए पनि लगनशीलताले सफलता दिलाउनेछ।

कुम्भ

प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग होला। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउला। योजना तत्काल सार्वजनिक नगर्नुहोला। कृषिबाट सामान्य लाभ हुनेछ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला। आमाको माध्यमबाट केही काम बनाउन सकिनेछ।

मीन

सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ। विशेष उपहार हातलागी होला। कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ। काममा सन्तुष्टि मिल्नेछ।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Nexus = पारस्परिक सम्बन्ध Similar political ambition is the basis of the nexus between them समान राजनीतिक आस्था नै ती दुई बीचको पारस्परिक सम्बन्धको आधार हो।

Onerous = बोझिलो, एक्लैले धान्न नसकिने For being her job onerous, she asked for an assistant काम एक्लैले धान्न नसकिने भएकोले उनले एक सहायक माग गरिन।

Penury = कतारो थापी हिँड्नुपर्ने स्थिति If he does not start saving now, I fear he would end his day in penury अहिलेदेखि नै उसले बचत गर्न सुरु नगर्ने हो भने मर्ने बेलामा कतारो थापी हिँड्नुपर्ने छ।

Quirk = अपरझट आएको मोड वा परिवर्तन A quirk of fate made a poor like him an affluent within a year भाग्य बदलिँदा ऊ जस्तो गरिब पनि एकै वर्षमा सम्पन्न हुन पुग्यो।

Recondite = गोप्य र महत्वपूर्ण This book is the product of his recondite study यो किताब उसको गहन र महत्वपूर्ण अध्ययनको उपज हो।

Scavenge= उपयोगी मालसमान बनाउने उद्देश्यले थोत्रा काम नलाग्ने बस्तु खोजी हिँड्ने In developing countries, the children are deployed to scavenge the plastic from containers विकाशोन्मुख देशहरूमा फोहरको डुंगुरमा फालेका प्लास्टिक बटुल्ने काममा बच्चाबच्चीलाई लगाइन्छ।

Tortuous = घुमाउरो Tribhuvan highway is so tortuous that no can drive more than thirty kilometers an hour त्रिभुवन राजमार्ग यति घुमाउरो छ कि कसैले पनि घन्टाको तीस किलोमिटरभन्दा बढी हाँक्न सक्तैन।

Upshot = परिणाम The upshot of his physical performance proves that he is not less than any one of twenty four उसको शारीरिक कामको परिणामले के प्रमाणित गर्छ भने ऊ कुनै चौविस वर्षिय युवकभन्दा कमको छैन।

Vacuous = खोक्रो, रित्तो वा मूर्ख A vacuous expression can not attract the public खोक्रो अभिव्यक्तिले कसैलाई पनि आकर्षण गर्न सक्तैन।

Wrest = बलजफतले आफ्नो पक्षमा पार्नु To wrest a confession by giving torture is against human right यातना दिएर दोष स्वीकार गर्न लगाउनु मानव अधिकारको विपरित हुन्छ।

Beg बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Beg from somebody = कसैसँग माग्नु He never begs anything from his father उसले आफ्नो बाबुसँग कहिल्यै केही पनि माग्दैन।

Beg for something = केही कुराको लागि माग्नु There are a lot of people in this world who beg for living बाँच्नका लागि माग्ने यस संसारमा धेरै छन्।

Beg in = मा माग्नु There is no children begging in the street here सडकमा मागेर हिँड्ने बच्चाहरू यहाँ छैनन।

Beg something of somebody = कसैको लागि याचना गर्नु I beg of you to set him free उसलाई कैद मुक्त गर्न म तिमीसँग याचना गर्छु।

Beg somebody for something = केही कुराको लागि याचना गर्नु he begged me for forgiveness उसले मसँग क्षमा याचना गऱ्यो।

Beg to = अनुरोध गर्नु He has not begged to be allowed to enter उस्ले प्रवेशको लागि अनुरोध गरेको छैन।

Beg leave to = छुट्टि माग्नु I always beg leave from office to do my personal work म मेरो व्यक्तिगत काम गर्नको लागि कार्यालयबाट छुट्टि माग्छु।

Beg somebody's pardon for = क्षमा माग्नु I beg your pardon for the mistake I committed मैले गरेको भूलको लागि म तिमीसँग क्षमा माग्छु।

Beg to differ = फरक मतको लागि अनुमति माग्नु As nobody begs to differ I declare the motion adopted कसैले पनि फरक मतको लागि अनुमति नमागेको कारण म प्रस्ताव पास भएको घोषणा गर्छु।

Beg the question = प्रश्न उठनु Your absence in the meeting always begs the question बैठकमा तिम्रो अनुपस्थितिबारे प्रश्न उठने गर्छ।

सुडोकु-अंक २५९

			४		२	३		१
			५				७	
	६		१			४		२
७						८	२	
				९				
	९	८						५
६		२			७		८	
	१				४			
९		३	८		५			

अंक २५८ को नतिजा

९	४	७	८	५	१	६	२	३
१	२	५	९	३	६	४	८	७
६	८	३	२	४	७	९	१	५
४	१	२	७	९	५	३	६	८
८	३	९	६	१	२	५	७	४
५	७	६	३	८	४	२	९	१
३	५	८	१	६	९	७	४	२
७	९	१	४	२	३	८	५	६
२	६	४	५	७	८	१	३	९

समाचार

सवारी दुर्घटनामा ५ जनाको मृत्यु

काठमाडौं। काठमाडौं महानगरपालिका-११ स्थित सडकमा बा.६१ प ८९८८ नम्बरको स्कुटर अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा चालक कोटेश्वर बस्ने डडेलधुरा अमरगढी नगरपालिका-५ घर भएका २६ वर्षीय केबिन श्रेष्ठको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको वीर अस्पतालमा उपाचरको क्रममा मृत्यु भएको हो।

बाँके, राप्तीसोनारी गाउँपालिका-२ ठुरे जंगलस्थित सडकमा बाग्मती प्रदेश ०१०२६ च २५११ नम्बरको कार आफैँ अनियन्त्रित भई आइतबार दिउँसो दुर्घटना हुँदा कारमा सवार डडेलधुरा अम्मरगढी नगरपालिका-७ बस्ने १५ वर्षीया प्रशन्सा ऐरको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएकी उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

यसैगरी बाँके, राप्तीसोनारी गाउँपालिका-२ ठुरे जंगलस्थित सडकमा रा.१ क ८८६ नम्बरको ट्रक अनियन्त्रीत भई पल्टिएर सोमबार बिहान दुर्घटना हुँदा ट्रक चालक ट्रकमा सवार बारा जितपुर सिमरा उपमहानगरपालिका-२ बस्ने ४८ वर्षीय बिजय बहादुर सोनीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुर बाँकेमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका ट्रक चालक र सहचालकको सोही अस्पतालमा उपचार भइरहेको छ। कञ्चनपुर, बेदकोट नगरपालिका-३ चोरपानीस्थित सडकमा सुदूरपश्चिम प्रदेश ०२-००३ प ४६५३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई आइतबार साँझ दुर्घटना हुँदा चालक शुक्लाफाटा नगरपालिका-१० बस्ने ६० वर्षीय केशव राज अवस्थीको आइतबार साँझ घटनास्थलमै मृत्यु भएको छ।

मोरङ, कानेपोखरी गाउँपालिका-७ स्थित सडकमा ना.३ ख ६७६ नम्बरको ट्रकले प्रदेश १-०२-०४९ प ८९७१ नम्बरको मोटरसाइकललाई आइतबार साँझ ठक्कर दिँदा मोटरसाइकल चालक बिराटनगर महानगरपालिका-१६ बस्ने २ ९ वर्षीय रुपक श्रेष्ठको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको छ। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मृत अवस्थामा फेला

काठमाडौं। कञ्चनपुर, बेलौरी नगरपालिका-६ हात्तीबोझा बस्ने ६५ वर्षीया कलावती धामी सोही ठाउँस्थित नहरमा आइतबार मृत अवस्थामा फेला परेकी छन्। शनिबार विहान नहरमा नुहाउन भनी गएकोमा साँझसम्म फर्की नआएकपछि खोजी गर्ने क्रममा उक्त नहरमा उनको शव फेला परेको हो।

चितवन, खैरहनी नगरपालिका-१ गणेश चोकस्थित एकराज डल्लाकोटीको डल्लाकोटी पोल्ट्री फमका गाडी चालक तनहुँ भानु नगरपालिका-११ बस्ने ३० वर्षीय निर्मल घर्ती सोही पोल्ट्रीफर्म नजिकै रहेको कोठामा सोमबार मृत अवस्थामा फेला परेका छन्।

डुबेर मृत्यु

पाल्पा। तिनाउ गाउँपालिका-३ ड्यामस्थित तिनाउ खोलामा पौडी खेल्ने क्रममा डुबेर भारत गोरखपुर घर भएका ३५ वर्षीय अकिंत श्रीवास्तवको आइतबार दिउँसो मृत्यु भएको छ। डुबेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

प्रहरी महानिरीक्षक सिंहलाई दर्ज्यानी चिन्ह

काठमाडौं। नेपाल सरकार मन्त्रीपरिषद्को २०७९ बैशाख १८ गतेको निर्णयअनुसार बैशाख १९ गतेबाट लागू हुने गरी प्रहरी महानिरीक्षक पदमा पदोन्नति हुनुभएका धिरज प्रताप सिंह दर्ज्यानी चिन्हबाट सुशोभित हुनुभएको छ। नेपाल सरकार, गृहमन्त्रालय सिंहदरबारमा सोमबार आयोजित बिशेष समारोहबीच गृहसचिव टेक नारायण पाण्डेले प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहलाई दर्ज्यानी चिन्हबाट सुशोभित गर्नुभएको हो।

सुशोभन समारोहमा गृहसचिव पाण्डेले नेपाल सरकार गृह मन्त्रालयकोतर्फबाट प्रहरी महानिरीक्षक सिंहलाई बधाई तथा कार्यकाल सफलताको कामना गर्नुका साथै राज्य, सरकार, आमनागरिक र सिंगो समाजले राखेका अपेक्षा पूरा गराउन प्रहरी संगठनलाई दृढतापूर्वक अगाडि बढाउने पहल नयाँ नेतृत्वबाट हुने विश्चास व्यक्त गर्नुभयो। विगतमा भोगेका भन्दा नयाँ ढाँचा र आधुनिक प्रकृतिका अपराधहरू विकसित हुँदै गएको अवस्थामा तिनको नियन्त्रण र चुनौती सामना गर्न सक्षम प्रहरी संगठन निर्माण गर्नुका साथै स्वस्थ्य सामाजिक संस्कार सभ्यताको विकासका लागि प्रहरी संगठनले आफ्नो भूमिकालाई स्थापित गर्नुपर्ने दायित्व रहेको उहाँले उल्लेख गर्नुभयो।

उक्त अवसरमा प्रहरी महानिरीक्षक सिंहले व्यावसायिक निष्ठाकासाथ राष्ट्र सेवामा पुर्याभएको योगदानको उच्च मूल्याङ्कन गर्दै नेपाल सरकारले आफूलाई नेपाल प्रहरीको सर्वोच्च पद प्रहरी महानिरीक्षकमा पदोन्नति गरेकोमा नेपाल सरकार, सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय गृह मन्त्रीज्यू तथा गृह मन्त्रालयप्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्नुभयो। नेपाल सरकार र गृहमन्त्रालयको मार्ग निर्देशन प्रहरी संगठनका लागि मार्ग प्रशस्त गर्ने आधार भएको उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले भन्नुभयो, "मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन स्थापना गरी आर्थिक समृद्धि हाँसिल गर्ने नेपाल सरकारको प्रमुख लक्ष्यलाई सफल पार्न नेपाल प्रहरी कटिवद्ध र कृतसंकल्पित रहेको छ।"

सांगठनिक क्रियाकलापहरूलाई प्रक्रियागत एवं पारदर्शी बनाई कर्मचारीहरूमा जवाफदेहिता बढाउने र अकर्मण्यता पूर्णतः निर्मूल गर्ने, भ्रष्टाचारमा शून्य सहनशीलता कामय राख्ने, आपराधिक तत्वहरूसँगको साठगाँठलाई निमिट्यान्न पार्नेमा केन्द्रीत राखी सहकर्मीहरूको सहकार्यमा संगठन सुधारका कार्ययोजना लागू गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रहरी महानिरीक्षक सिंहले भन्नुभयो, "शहरकेन्द्रित अपराधहरूको स्वरुपमा भैरहेको तीव्र परिवर्तनले थपिएका चुनौतीहरूको सामना गर्न नेपाल प्रहरीलाई आधुनिकीकरण गर्दै लैजानुको विकल्प छैन। अपराध र सुरक्षा चुनौतीका आधारमा मापदण्ड बनाई ग्चदबल एयष्अिप्लन र च्चाचबा एयष्अिप्लन को अवधारणा अनुरुप 'सुरक्षित शहर र सुरक्षित गाउँ' निर्माण गरी आमनागरिकहरू माझ नेपाल प्रहरीको विश्वास अभिवृद्धि गर्नेतर्फ प्रहरी रणनीति केन्द्रीत रहनेछ।" राष्ट्रिय प्राथमिकतामा रहेको स्थानीय तहको निर्वाचनलाई सुरक्षित एवं भयरहित तवरबाट प्रत्येक नागरिकहरूले आफ्नो बालिग मताधिकारको प्रयोग गर्न सक्ने गरी निर्वाचन सुरक्षा योजना अनुरुप प्रहरीको सम्पूर्ण स्रोतसाधनहरू प्रभावकारी रुपमा परिचालित हुने उहाँले बताउनुभयो।

कार्यक्रममा गृह मन्त्रालयका उच्चपदस्थ अधिकारीहरू, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका उच्च प्रहरी अधिकृतहरू, राष्ट्रिय अनुसन्धान विभागका उच्चपदस्थ कर्मचारी एवं संचारकर्मीहरूको उपस्थिति रहेको थियो।

विसं २०२४ कात्तिक २० गते दैलेख जिल्लाको नारायण नगरपालिका वडा नम्बर ७ मा जन्मनु भएका प्रहरी महानिरीक्षक सिंह २०४९ चैत ११ गते प्रहरी निरीक्षक पदबाट नेपाल प्रहरी सेवा प्रवेश गर्नुभएको थियो। प्रहरी महानिरीक्षक सिंह २०६२ जेठ २२ गते प्रहरी नायव उपरीक्षक, २०६९ माघ ११ गते प्रहरी उपरीक्षक, २०७४ साउन १९ गते प्रहरी वरिष्ठ उपरीक्षक, २०७७ वैशाख ७ गते प्रहरी नायब महानिरीक्षक र २०७८ चैत ८ गते प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पदोन्नति हुनुभएको थियो।

राजनीतिशास्त्रमा स्नातकोत्तर गर्नुभएका प्रहरी महानिरीक्षक सिंहले कम्प्रिहेन्सिभ क्राईसिस मेनेजमेन्ट, अपराध अनुसन्धान, क्रिमिनल इन्टेलिजेन्स एनालाइसिस कोर्ष, एडभान्स ट्रेनिङ अन नेशनल सेक्युरिटी, ट्रेनिङ कोर्स अन बोर्डर ल ईनफोर्समेनट फर नेपाल, मानवश्रोत व्यवस्थापन लगायत विभिन्न १३ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम हासिल गर्नुभएको छ। प्रहरी महानिरीक्षक सिंहले सुप्रवल जनसेवा श्री, गोरखा दक्षिणबाहु चौथो, संयुक्त राष्ट्र संघ पदक, गद्दी आरोहण रजत पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक, लगायतका विभूषणबाट विभूषित हुनुहुन्छ। यसैगरी उहाँले उत्कृष्ट व्यावसायिक कार्य सम्पादन गरेबापत ग्रेड थप तथा विभिन्न समयमा नगद पुरस्कार प्राप्त गर्नुको साथै विभिन्न प्रशंसापत्रद्वारा सम्मानित हुनुभएको छ।

Respected Comrade Kim Jong Un Makes Speech at Military Parade Held in Celebration of 90th Founding Anniversary of KPRA

The respected Comrade

Kim Jong Un made a speech at the military parade held in celebration of the 90th anniversary of the founding of the Korean People's Revolutionary Army (KPRA) on April 25, Juche 111 (2022).

The following is the full text of the speech:

All the brave officers and men of the armed forces of our Democratic People's Republic of Korea,

Officers and men of the units participating in the military parade,

